# परिच्छेद : एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

राष्ट्रिय शिक्षा आयोग २०४९ ले पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्यांकन र अतिरिक्त क्रियाकलाप समावेश गरी विद्यालयमा शिक्षण सेवामा प्रवेशका लागि तालिम व्यवस्था अनिवार्य गरिनु पर्दछ भन्ने कुरा उल्लेख गरियो । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ का अनुसार शिक्षामा जनसहभागिता, विशेष शिक्षा, अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम, शिक्षक हरुको सेवा, वृत्ति विकास, परीक्षा र मूल्यांकन पद्धति र शिक्षक  तालिमको व्यवस्था गरिएको थियो ।

सामान्य भाषामा शिक्षक ले कक्षाकोठामा सिकारुलाई सिकाउनु शिक्षण हो । अर्थात् शिक्षक ले विभिन्न प्रकारका ज्ञान, सीप, उपयुक्त कक्षाकोठाको वातावरणमा विद्यार्थीहरुलाई पढाउनु शिक्षण हो । यसरी शिक्षण सिकाइ प्रक्रियाको मुख्य कार्यथलो शिक्षक हो । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने मुख्य ठाउँ नै शिक्षक भएकाले जबसम्म शिक्षक व्यवस्थापन राम्रो हुँदैन तबसम्म शिक्षण प्रक्रिया प्रभावकारी हुँदैन ।

सामान्यतया व्यवस्थापनको अर्थ राम्रोसँग काम गर्ने वातावरण बनाउनु हो । काम गर्ने भन्नासाथ आफूले मात्र नभई अरुलाई पनि काम गर्नु गराउनु भन्ने बुझिन्छ । अतः व्यवस्थापन कुनै पनि संगठनको त्यस्तो मष्तिष्क हो जसले अरुलाई काम लगाउन सक्दछ भन्ने समेत हुन्छ । व्यवस्थापन कुनै पनि संघ संस्था, संगठन वा कार्यालयमा आवश्यक छ । व्यवस्थापनभित्र योजना बनाउनु, संगठन गर्नु, निर्देशन गर्नु, नेतृत्व प्रदान गर्नु, निर्णय गर्नु, नियन्त्रण गर्नु, प्रेरणा दिनु र सञ्चार गर्नु जस्ता पक्षहरु पर्दछन्।

शिक्षण सिकाइलाई व्यवस्थापनको आवश्यकता पर्दछ भनी जोड दिने व्यक्ति आई.के. डेभिस हुन् । डेभिसका अनुसार शिक्षण उच्च पेशागत प्रक्रिया हो यसमा व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ ।

कक्षाकोठामा गरिने शिक्षण सिकाइका लागि अनुकूल वातावरण निर्माण गर्नु भनेको कक्षा व्यवस्थापन हो । कक्षाकोठाको व्यवस्थापनका महत्वपूर्ण पक्षहरु भित्र भौतिक

व्यवस्थापन, सामग्री व्यवस्थापन र विद्यार्थी क्रियाकलापको व्यवस्थापन पर्दछन् । यी तीनवटै पक्षहरुलाई अझ टुक्र्याएर भन्ने हो भने कक्षा व्यवस्थापन अन्तर्गत कक्षाकोठाको वातावरण, कक्षाको भौतिक अवस्था, बसाइ व्यवस्था, कक्षा सञ्चालनको तालिका व्यवस्था, शैक्षिक सामग्रीको व्यवस्था, विद्यार्थीको समूह व्यवस्था जस्ता कार्यहरु पर्दछन् । कक्षाकोठाको व्यवस्थापन राम्रो भएमा मात्र विद्यार्थीहरु अनुशासित हुने र शिक्षण प्रभावकारी हुने विश्वास गरिन्छ (शर्मा एण्ड शर्मा, २०६४) ।

आफूले चाहे जस्तो व्यवहारमा ल्याउन सिकाउने क्रियाकलापलाई तालिम भनिन्छ । गुणस्तर र प्रभावकारी शिक्षणका लागि शिक्षक  तालिम अनिवार्य मानिन्छ । शिक्षण सिकाइमा प्रभावकारिता ल्याई गुणस्तरीय शिक्षा हासिल गर्न पेशागत रुपमा दक्ष र योग्य शिक्षक को खाँचो पर्दछ । जसका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, शिक्षक व्यवस्थापन, शिक्षण विधि, शैक्षिक सामग्रीको निर्माण र प्रयोग, बाल व्यवहार विश्लेषण, सिकाइ प्रक्रिया, परीक्षा र मूल्याङ्कन, शिक्षण अभ्यास, सृजनात्मक लेखन, खोजपूर्ण कार्य जस्ता विषय वस्तुहरुमा पूर्व सेवाकालीन तालिम, पुनर्ताजगी तालिम, कार्यशाला गोष्ठी आदि सञ्चालन हुनु नितान्त आवश्यक छ ।

शिक्षक  तालिमले शिक्षक को पेशागत दक्षता अभिवृद्धि गर्दछ । यसले शिक्षक लाई उनीहरुले तालिमबाट सिकेका ज्ञान र सीपलाई कक्षाकोठामा प्रयोग गरी शिक्षणलाई प्रभावकारी बनाउनका लागि शिक्षक  तालिम प्रभावकारी बनाउनु पर्दछ । यसरी प्रभावकारी शिक्षण तालिम भएमा शिक्षक हरुको गुणस्तरमा सुधार आई विद्यार्थीको सहभागिता बृद्धि हुनाको साथै उनीहरुको रुचि चाहनाले समेत प्रश्रय पाउँछ । यसरी तालिम पेशागत कार्यमा दक्षता प्रदान गर्नु हो । तालिमले क्रियात्मक पक्षमा बढी जोड दिन्छ तसर्थ शिक्षक  तालिम भनेको प्रभावकारी ढंगले शिक्षण गर्नका लागि आवश्यक पेशागत दक्षता प्रदान गर्न सिकाइने शिक्षण सीप, ज्ञान र प्रशिक्षण हो । जसबाट आफ्नो पेशालाई सफलतापूर्वक अपनाउन सकिन्छ (ढकाल, २०६१) ।

प्रभावकारी रुपमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुनमा कक्षाकोठाको व्यवस्थापन महत्वपूर्ण मानिन्छ । कक्षाकोठालाई पठन पाठनका लागि उपयुक्त बनाउनु वा पढाउन योग्य बनाउनुलाई कक्षा वातावरणको निर्माण भनिन्छ ।

कक्षा व्यवस्थापन भित्र कक्षाकोठाको क्रियाकलापको व्यवस्थापन र सञ्चालन पर्दछ । उपलब्ध साधन र स्रोतको उच्चतम प्रयोग हुने गरी शिक्षण सिकाइ क्रियाकलाप अनुकूल कक्षाकोठालाई व्यवस्थित गर्ने कार्यलाई कक्षाकोठाको व्यवस्थापन भनिन्छ । कक्षा व्यवस्थापनको प्रमुख लक्ष्य समय र शक्तिको बचत हुनुको साथै शिक्षण सिकाइमा प्रभावकारिता ल्याउनु हो (शर्मा एण्ड शर्मा २०६४) ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९, शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०४९ ले स्थायी शिक्षक हुन तालिम प्राप्त हुनुपर्ने र तालिम प्राप्त शिक्षक हुन १० महिने तालिम लिनुपर्ने अनिवार्य व्यवस्था लागु गरेर शिक्षक शिक्षालाई बढी जोड दिएको पाइन्छ । यस अवधिमा केही निजी शिक्षक तालिम केन्द्रहरुबाट पूर्वसेवाकालीन शिक्षक तालिम सञ्चालन गरी तालिम प्राप्त जनशक्ति उत्पादनमा विशेष ध्यान दिन खोजेको पाइन्छ ।

वि.सं. २०४९ सालसम्म पनि माध्यमिक शिक्षक तालिम सम्बन्धि विभिन्न प्रक्रियाबाट शिक्षक तालिम सञ्चालन गरे पनि खासै गति लिन नसकेको कारण माध्यमिक शिक्षा विकास परियोजना अन्तर्गत माध्यमिक शिक्षक र शिक्षा व्यवस्थापकहरुलाई तालिम प्रदान गर्ने उद्देश्यले वि.सं. २०५० सालमा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको हो । यसले नेपालभरि ९ वटा माध्यमिक शिक्षक तालिम केन्द्र मार्फत् शिक्षक तालिम सञ्चालन गऱ्यो । शैक्षिक जनशक्ति विकास केन्द्र माध्यमिक शिक्षक तालिम कार्यक्रम सञ्चालनको लागि आधिकारिक निकायको रुपमा रहेको थियो । माध्यमिक शिक्षक तालिमको १० महिनाको अवधिलाई चार प्याकेजमा विभाजन गरी प्रत्येक प्याकेज २.५ महिना वा ३३० घण्टा माध्यमिक शिक्षक हरुले भाग लिनुपर्ने र १० महिनाको अवधिमा माध्यमिक शिक्षक ले जम्मा १३२० घण्टा शिक्षक तालिममा अनिवार्य रुपले संलग्न हुनुपर्ने अनिवार्यता थियो । जसमा पहिलो प्याकेज र अन्तिम प्याकेज तालिम केन्द्रमा प्रत्यक्ष सहभागी हुनुपर्ने र दोस्रो र तेस्रो प्याकेज शैक्षिक जनशक्ति विकास केन्द्रकै मातहतमा रहेको दूर-शिक्षाबाट रेडियो शिक्षक तालिम सञ्चालन गर्ने व्यवस्था रहेको थियो । साथै माध्यमिक शिक्षा सहयोग कार्यक्रम अन्तर्गत निम्न माध्यमिक एवम् माध्यमिक तहका

शिक्षक हरुको लागि सक्षमतामा आधारित १० महिने सेवाकालीन तालिम र मागमा आधारित अल्पकालीन तालिम सञ्चालन भएको थियो ।

निर्धारित शिक्षक तालिमका लागि नीति र प्रक्रियाको आधारमा माध्यमिक शिक्षक तालिमलाई समयानुकूल परिवर्तन र सुधार गर्नुपर्ने भएकाले सोही बमोजिम २०५९ सालदेखि नेपाल सरकार र एशियाली विकास बैंकको ऋण सहयोगमा सञ्चालित शिक्षक शिक्षा आयोजना (सन् २००२-२००७) कार्यान्वयनमा आएपछि माध्यमिक शिक्षक सेवाकालीन र पूर्वसेवाकालीन तालिमको पाठ्यक्रम परिमार्जन गरिएको थियो । यस पाठ्यक्रम अनुसार सेवाकालीन तालिमलाई तीन चरणमा बाँडिएको थियो । पहिलो आधारभूत चरण २.५ महिना, दोस्रो चरण ५ महिना र तेस्रो चरण २.५ महिना अवधिको हुन्थ्यो तथा पहिलो र तेस्रो चरण शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गतका शैक्षिक तालिम केन्द्रहरु मार्फत् सञ्चालन गरिएको थियो । त्यस्तै ६६० घण्टे दोस्रो चरण दूर-शिक्षा पद्धति अनुसार शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा नै सञ्चालन गरिएको थियो । त्यसपछिको माध्यमिक शिक्षक सेवाकालीन तालिम शैक्षिक जनशक्ति विकास केन्द्रको दूर-शिक्षा मोड्युलमा सञ्चालन गर्न सकिने पाठ्यक्रममा उल्लेख थियो । पूर्वसेवाकालीन माध्यमिक शिक्षक तालिमलाई ५-५ महिनाका दुई सेमेष्टरमा पूरा हुने व्यवस्था पाठ्यक्रममा गरिएको थियो ।

शिक्षक शिक्षा तथा तालिमलाई व्यवस्थित गर्न नेपाल सरकारले तालिम नीति २०६४ समेत जारी गरेको थियो । यसले मूलतः तालिमको व्यापकता, गुणस्तर, समावेशी तालिम पाठ्यक्रम, पूर्वसेवाकालीन तथा सेवाकालीन तालिम, महिला शिक्षक तयारी कार्यक्रम जस्ता पक्षलाई जोड दिएको थियो । यसबाट पनि शिक्षक शिक्षा अझ बढी गुणस्तरीय एवम् प्रभावकारी बन्न जाने अपेक्षा राखेको थियो, (वाग्ले र साथीहरु, २०५७) ।

विद्यालय शिक्षाको गुणस्तर बढाउन शिक्षक हरुको पेशागत दक्षतामा अभिवृद्धि हुनु आवश्यक छ । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन र कक्षाकोठामा हुने शिक्षणको तात्वीक परिवर्तनको लागि तालिमको संस्थागत विकास आजको अनिवार्य आवश्यकता हो । आर्थिक वर्ष २०६६/०६७ देखि कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले शिक्षक तालिमलाई नीतिगतरुपमा

व्यवस्थित गरेको छ। जसअनुसार सम्पूर्ण शिक्षक लाई ५ वर्ष भित्र ३० दिन बराबरको शिक्षक  पेशागत क्षमता विकास सेवाकालीन तालिमको अनिवार्य पहुँचको व्यवस्था गरेको छ । जसले शिक्षक को शिक्षणका क्रममा देखिएका व्यवहारिक समस्याहरु तत्काल समाधान गर्न र पेशागत मूल्यमान्यतासँग सम्बन्ध स्थापित गर्न अर्थात् शिक्षक को वृत्ति विकासमा सहयोग गर्नेछ। एक पटकमा एउटा शिक्षक ले १० दिन बराबरको सेवाकालीन तालिम प्राप्त गरी ५ वर्ष भित्रमा ३ पटकमा ३० दिनको तालिम प्राप्त गर्ने व्यवस्था गरिएको छ।

मानव सभ्यताको विकासक्रम सँगसँगै शिक्षाको पनि विकास भएको पाइन्छ। प्राचीन कालमा गुरुकुल शिक्षा हुनाले शिष्यहरुलाई घोकाएर पढाउने चलन थियो । शिक्षाको पहिलो पाठशाला घर भएकोले शिक्षण सिकाइको अनौपचारिक प्रक्रिया परिवारमा बाबुआमाद्वारा आफ्ना सन्तानहरुलाई विभिन्न ज्ञान एवम् सीपहरु प्रदान गर्दै जानुबाट प्रारम्भ भएको मानिन्छ । बढ्दो मानवीय आवश्यकतासँगै समाज वा समुदायको निर्माण हुन गयो । ज्ञान एवं सीपको भण्डार बढ्दै जाँदा परिवार र समाजद्वारा मात्र नयाँ पुस्तालाई आवश्यक ज्ञान, सीप र कुशलताहरुको विकास गराउन, त्यसको संरक्षण, सम्बर्द्धन एवम् हस्तान्तरण गर्न कठिनाई महसुस हुँदा अठारौं शताब्दीतिर विद्यालय व्यवस्थाको शुरुवात भएको पाइन्छ (शर्मा, २०५७)।

त्यस बेला गुरुकुल शिक्षा, मठ मन्दिरमा दिइने शिक्षा, बौद्ध गुम्वामा दिइने शिक्षा आदि प्रचलनमा थिए । श्रवण, मनन, व्याख्या, प्रदर्शन, प्रश्नोत्तर र छलफल शिक्षणको माध्यम वा शिक्षण विधि थियो । बौद्ध शिक्षा भृङ्गी विहार, खर्जुरिका विहार र गुम विहारमा दिइन्थ्यो । त्यस समयमा प्राकृत तथा पाली भाषा, दर्शन तथा साहित्य त्रिपिटक, जातक आदि पढाइका विषयहरु थिए। लिच्छविकालीन शिक्षा नेपालमा वेद, व्याकरण, न्याय, साहित्य, ज्योतिष आदि विषयमा पठन पाठन हुने गर्दथ्यो । त्यस समयमा दाताहरुको दान, दातव्यबाट शिक्षा केन्द्रहरु सञ्चालित थिए । मल्ल कालमा संस्कृत र बौद्ध शिक्षामा समान व्यवहार गरिएको थियो। त्यस समयमा खास जातका मानिसहरु पढेलेखेका हुनाले उनीहरुले शिक्षालाई आफ्नो तरीकाले अगाडि बढाएका थिए, (शर्मा, २०४३)।

आधुनिक कालमा पृथ्वीनारायण शाहले सैनिकका टुहुरा बालवालिकाहरुलाई अध्ययन गराउन दुईजना व्यक्तिलाई छात्रवृत्ति प्रदान गरी संस्कृत र फारसी भाषा पढ्न भारत पठाएका थिए । नेपालमा विद्यालयीय शिक्षाको औपचारिक प्रारम्भ वि.सं. १९१० सालमा जंगबहादुर राणा बेलायतको यात्रा गरी थापाथलीमा अंग्रेजी विद्यालय र ल्हासामा नेपालीहरुलाई चिनियाँ र तिब्बती भाषा सिकाउन र परराष्ट्र सम्बन्धी जानकारी गराउन पाठशाला स्थापना गरी शिक्षक दरबन्दी तोकिएको थियो । वि.सं. १९४२ सालमा वीरशम्शेरले भारतबाट महिला शिक्षिका झिकाई आधारभूत माध्यमिक शिक्षा सुरु गरेका थिए । वि.सं. १९५८ सालमा देवशम्शेरले माध्यमिक शिक्षा व्यापक बनाउन १६ वटा पाठशालामा शिक्षक नियुक्ति गरी दरबार स्कुलका उच्च कक्षामा नेपाली भाषा समावेश गरेका थिए । चन्द्रशम्शेरले त्रि-चन्द्र कलेज, श्रेस्ता प्रणाली, नेपाली भाषा प्रकाशिनी समितिको स्थापना गरे । वि.सं. १९७५ देखि कलकत्ता विश्वविद्यालयले प्रवेशिका परीक्षा लिने गरी प्रवीणता प्रमाणपत्र र स्नातक तहका पाठ्यक्रममा नेपाली भाषालाई समावेश गरियो । वि.सं. १९८० देखि त्रिचन्द्र क्याम्पसको सम्बन्ध पटना विश्वविद्यालयमा सारियो । वि.सं. २००४ सालमा संवैधानिक कानूनको घोषणा पछि विद्यालय खोल्न शुरु भयो, (शर्मा, २०५७) ।

नेपालमा शिक्षक तालिमको औपचारिक सुरुवात वि.सं. २००४ सालमा स्थापना भएको “आधार शिक्षा” अन्तर्गत “आधार प्रशिक्षण केन्द्र”लाई मान्न सकिन्छ । नेपालमा आधार शिक्षाको स्थापनासँगै शिक्षक तालिमको सुरुवात भएको पाइन्छ । यस पूर्व गुरुकुल तथा बौद्ध शिक्षा परम्परामा गुरुहरु तथा भिक्षु आदिले कसरी शिक्षण गर्ने भन्ने कुरा तिनै शिक्षा प्रणालीका मान्यतामा आधारित थिए ।

वि.सं. २००७ सालको राजनैतिक परिवर्तन पछि योजनाबद्ध रुपमा शिक्षाको विकास गर्नका लागि वि.सं. २००९ सालमा “राष्ट्रिय शिक्षा बोर्ड”को स्थापना भई पाठ्यक्रमको विकासमा जोड र शिक्षक तालिम र बहुउद्देशीय शिक्षाको आवश्यकता महशुस गरियो । वि.सं. २०११ सालमा गठीत नेपाल राष्ट्रिय शिक्षा योजना आयोगले पाठ्यक्रम, शिक्षक शिक्षण आदि पक्षहरुको विकासका लागि सिफारिस गरे बमोजिम वि.सं. २०१४ सालमा “शिक्षा महाविद्यालय” को स्थापना पछि पूर्व सेवाकालीन र सेवाकालीन शिक्षक तालिम सञ्चालन गरियो । यसमा स्नातक उत्तीर्ण गर्न एक वर्षे, प्रमाणपत्र

तह उत्तीर्ण गर्न दुई वर्षे र प्रबेशिका परीक्षा उत्तीर्णका चारवर्षे कार्यक्रम सञ्चालन गरियो । यसद्वारा शिक्षक प्रशिक्षणका लागि घुम्ती तालिम केन्द्र समेत सञ्चालन गरियो । शिक्षा महाविद्यालयबाट शिक्षक कार्यक्रममा नर्मल स्कुल तालिम, शिक्षक शिक्षा तालिम, व्यवसायिक प्रशिक्षण, दुर्गम क्षेत्र शिक्षक तालिम, महिला शिक्षक तालिम जस्ता कार्यक्रमहरु सञ्चालन गरिएको पाइन्छ ।

वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भयो । यसबाट पूर्व सेवाकालीन तालिम अर्थात् शिक्षाशास्त्र तर्फको अध्ययनले अध्यापन कार्यलाई थप बल प्राप्त भयो । वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना शुरु भएपछि शिक्षक हुन तालिमलाई अनिवार्य बनाइयो । सेवाकालीन र पूर्व सेवाकालीन शिक्षक तालिम दिनका लागि त्रिभुवन विश्वविद्यालय अन्तर्गत “शिक्षाशास्त्र अध्ययन संस्थान” खडा गरियो । यस पूर्वका शिक्षक तालिमसँग सम्बन्धित संस्थाहरु शिक्षा महाविद्यालय, अंग्रेजी भाषा शिक्षक तालिम केन्द्र, राष्ट्रिय व्यावसायिक तालिम केन्द्र, माध्यमिक स्कुल शिक्षक तालिम केन्द्रलाई शिक्षाशास्त्र अध्ययन संस्थानमा गाभियो । शिक्षाशास्त्र अध्ययन संस्थानलाई दुई वर्षे प्रमाणपत्र तह, दुई वर्षे स्नातक, दुई वर्षे स्नातकोत्तर र एक वर्षे स्नातक तह जस्ता पूर्व सेवाकालीन शिक्षक शिक्षा कार्यक्रम सञ्चालन गरिएका थिए भने यिनै कार्यक्रमहरुमा तत्कालीन सरकारले छात्रवृत्ति मार्फत् शिक्षक लाई तालिममा पठाएर सेवाकालीन तालिम पनि प्रदान गरेको थियो । यस्तै सेवाकालीन तालिममा ए लेभल, वि लेभल, स्थानीय तालिम, दूर-शिक्षा कार्यक्रम जस्ता कार्यक्रमहरु सञ्चालन भएको पाइन्छ, (वाग्ले र साथीहरु, २०६९) ।

यहाँ तालिमको लक्ष्य वा उद्देश्य बमोजिम १० महिना तालिम पूरा गरेका माध्यमिक शिक्षक हरुको पृष्ठभूमि, शिक्षक व्यवस्थापनमा रुपान्तरण तथा वालकेन्द्रित एवम् क्रियाकलापकेन्द्रित तथा वालमैत्री भावना कुन हदसम्म रुपान्तरण भएको छ सो सम्बन्धमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

नेपालमा संचालित सरकारी अनुदान प्राप्त विद्यालयहरुको पठनपाठन निम्नस्तरीय छ भन्ने जनगुनासो व्याप्त रुपमा पाइन्छ । विद्यालयहरुमा शिक्षक व्यवस्थापनमा ध्यान

नदिएको कारण शिक्षण सिकाइ क्रियाकलाप व्यवस्थित गरिएको पाइँदैन । विद्यालयहरुमा तालिम प्राप्त दक्ष शिक्षक हरु हुँदाहुँदै अझै पनि कतिपय विद्यालयहरुमा परम्परागत शैली अपनाएर शिक्षण सिकाइ कार्य सञ्चालन गरिरहेको अवस्था छ । अझै पनि विद्यालयहरु यातना केन्द्र झैं बनेका छन् र सन्त्रासपूर्ण वातावरणमा बालवालिकाहरु पढ्न वाध्य छन् । बालवालिकाहरु घरबाट विद्यालय जाँदा रुँदैरुँदै जान्छन् र विद्यालयमा छुट्टीको घण्टी बज्नासाथ खुशी भएर रमाउँदै जेलबाट भागेका कैदी जस्तै घर आइपुग्छन् ।

शिक्षक व्यवस्थापन राम्रो नभएकाले सिकाइ अर्थपूर्ण नहुने र शिक्षक  तथा विद्यार्थीको प्रयास खेर गएको देखिन्छ । विद्यार्थी र शिक्षक ले प्रयोग गरेको लगानी खेर जानु भनेको अभिभावक र सरकारको लगानी खेर जानु हो । गुणात्मक शिक्षाका लागि गुणात्मक साधन र स्रोत अनिवार्य आवश्यकता हो । तसर्थ विद्यालयमा गुणात्मक शिक्षाका लागि दक्ष एवम् निपुण साथै पेशाप्रति निष्ठावान् तालिम प्राप्त शिक्षक हुनुपर्ने र स्वस्थ शैक्षिक वातावरणको चिन्तन हुनुपर्ने कुरामा सर्वसम्मत हुनु पर्दछ । तर नेपालको शैक्षिक जगतमा यस्ता प्रकारका चिन्तनहरु गोष्ठी, सेमिनार तथा तालिममा मात्र सीमित भएको पाइन्छ, कार्यान्वयन पक्ष भने फितलो देखिन्छ ।

विभिन्न अध्ययन र अनुसन्धानहरुले तालिम प्राप्त शिक्षक हरुलाई विभिन्न किसिमका तालिमहरु उपलब्ध गराए तापनि विद्यार्थीहरुको उपलब्धि स्तरमा फरक नहुनु, प्रभावकारी शिक्षणको अभाव हुनु, शिक्षण सिकाइ प्रभावकारी हुनमा शिक्षक व्यवस्थापनमा विभिन्न समस्याहरु औंल्याएका छन् । सरकारी अनुदान प्राप्त विद्यालयमा कार्यरत माध्यमिक  तहका शिक्षक हरुको तालिमका लागि ठूलो धनराशी खर्च गरिएको यथार्थ सर्वविदितै छ । तर पनि दश महिने माध्यमिक  शिक्षक  तालिम प्राप्त गरेका शिक्षक हरुद्वारा प्रभावकारी शिक्षण सिकाइका लागि शिक्षक व्यवस्थापन वास्तविक रुपमा हेर्दा व्यवस्थापन पक्ष फितलो रहेको पाइन्छ ।

उल्लेखित तथ्यलाई विद्यालयमा प्रभावकारी ढंगले कार्यान्वयन गर्न नसक्नु विद्यालयहरुको लागि एउटा समस्याको रुपमा देखापरेको छ । शैक्षिक उपलब्धि अपेक्षित रुपमा हासिल गर्नका लागि तथा प्रभावकारी शिक्षण सिकाइका लागि विद्यालयका आयस्रोत र उपलब्ध सामग्रीहरुको यथोचित प्रयोग गरी कक्षाकोठाको

व्यवस्थापन उपयुक्त ढंगले नगरेसम्म विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्न सक्दैन । सो सम्बन्धमा कहीँ कसैले खोजी गरेको नपाइएको हुँदा माध्यमिक तहमा गुणस्तरीय शिक्षाको लागी शिक्षक व्यवस्थापन शीर्षकमा अध्ययन गर्न लागिएको हो ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि क्षेत्रमा गरिने अध्ययन तथा अनुसन्धानको उक्त क्षेत्रमा आ-आफ्नो औचित्य रहेको हुन्छ । यो अध्ययन माध्यमिक तहमा गुणस्तरीय शिक्षाको लागी शिक्षक व्यवस्थापन बारेमा अध्ययन गर्ने उद्देश्यले गरिएको हुँदा शैक्षिक क्षेत्रमा यस अध्ययनको औचित्य एवम् महत्व रहेको छ ।

शिक्षक व्यवस्थापन व्यवहारिक, सिकाइ अनुकूल र वैज्ञानिक बनाउन शिक्षक ले धेरै मिहिनेत गर्नु आवश्यक हुन्छ । यस्तो कार्य शिक्षक एक्लैको प्रयासले मात्र गर्न कठिन हुन सक्छ । उपयुक्त शिक्षक व्यवस्थापनमा सहयोग पुऱ्याउने कार्य प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, स्रोतव्यक्ति र विद्यालय निरीक्षकको समेत हुनुपर्छ तर कक्षाकोठालाई विषयवस्तु अनुसार सिकाइ अनुकूल बनाउने, विद्यार्थीलाई सिक्न तत्पर बनाउने, पाठ योजनाका उद्देश्य प्राप्तिका लागि शिक्षक अनुकूल बनाउने कार्यमा भने स्वयम् शिक्षक कै भूमिका रहेको हुन्छ । जेहोस् शिक्षण सिकाइ कार्यलाई प्रभावकारी, जीवन्त, उद्देश्यपूर्ण, सार्थक र व्यवहारिक बनाउन शिक्षक व्यवस्थापनको अति महत्वपूर्ण भूमिका रहेको हुन्छ तर अझै पनि कतिपय विद्यालयहरुमा परम्परागत शैली अपनाएर शिक्षण सिकाइ कार्य सञ्चालन गरिरहेको अवस्था छ । प्रभावकारी शिक्षण सिकाइका लागि अनुकूल वातावरण तयार पार्न तालिम प्राप्त शिक्षक को साथै विद्यालय व्यवस्थापनले पनि कक्षाकोठाको व्यवस्थापनमा यथोचित ध्यान नदिएको देखिन्छ । त्यसकारण यसको औचित्य देखिन्छ । यो अध्ययन खासगरी माध्यमिक तहमा गुणस्तरीय शिक्षाको लागी शिक्षक व्यवस्थापन उपयोग गर्न तालिम प्राप्त शिक्षक को लागि उपयोगी हुने तथा शिक्षक हरुलाई शिक्षक व्यवस्थापनमा देखा परेका अप्ठ्याराहरुलाई समाधान गर्न यो अध्ययनको औचित्य देखिन्छ ।

भविष्यमा यो अध्ययनले शिक्षा क्षेत्रसँग आबद्ध तथा यो विषयसँग सम्बन्धित अध्ययन गर्ने निकाय जि.शि.का., विद्यालय, क्षे.शि.नि. र शिक्षा मन्त्रालय लगायत व्यक्तिगत

रुपमा अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताहरुलाई उपयोगी हुने भएकोले यो अध्ययनको औचित्य देखिन्छ ।

विद्यालयको शिक्षक व्यवस्थापन र विद्यालय व्यवस्थापनमा वि.व्य.स.लाई यो अध्ययनले सहयोग गर्ने भएकोले यो अनुसन्धान गर्नुको औचित्य देखिन्छ । भविष्यमा शिक्षाशास्त्र संकाय स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई समेत अनुसन्धान गर्न यस अध्ययनले महत्वपूर्ण भुमिका खेल्नेछ । त्यसकारण यो अध्ययनको औचित्य देखिन्छ ।

यस सम्बन्धमा तालिम प्राप्त शिक्षक हरुको शिक्षक व्यवस्थापनमा प्रभावकारिता हुन नसक्नुका कारणहरु वा समस्याहरु पत्ता लगाउनु तथा ती वाधा वा समस्याहरु पहिचान गरी समाधानको लागि यस अध्ययनले विभिन्न उपायहरु पत्ता लगाउनेछ । साथै यस अध्ययनलाई एक आधारभूत अध्ययनको रुपमा पछि अध्ययन अनुसन्धानकर्ताहरुले उपयोग गर्न सक्ने अपेक्षा गरिएको छ । त्यसकारण यस अध्ययनको औचित्य देखिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरु निम्नलिखित रहेका छन् :

(१) माध्यमिक तहमा शिक्षकले तालिममा सिकेका ज्ञान र सीपहरुको शिक्षक व्यवस्थापनमा प्रयोगको वर्तमान अवस्था पहिचान गर्नु

(२) माध्यमिक तहमा शिक्षक व्यवस्थापनका समस्याहरु पत्ता लगाउनु

(३) माध्यमिक तहमा शिक्षक व्यवस्थापनका समस्याहरु समाधान गर्ने उपायहरु प्रस्तुत गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनलाई पूरा गर्नका लागि निम्नलिखित प्रश्न राखिएको छ :

(क) माध्यमिक तहमा शिक्षकहरुले तालिममा सिकेका आफ्ना सीपहरु शिक्षक व्यवस्थापनमा के कसरी लागु गरेका छन् ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनलाई सरल रुपमा लैजान र समय, स्रोत एवम् विभिन्न परिस्थितिलाई ध्यानमा राखी अध्ययनको क्षेत्र निम्नानुसार सीमित गरिएको छ । यो अध्ययन तराई प्रदेशको सगरमाथा अंचल भित्र पर्ने सिरहा जिल्लाभित्रका सामुदायिक माध्यमिक विद्यालयहरुमामात्र सीमित रहेको छ ।

सिरहा जिल्लामा रहेका ११ वटा स्रोतकेन्द्रहरु मध्ये शहरी भेकमा पर्ने श्री.च.मा.वि सिरहा स्रोतकेन्द्र र ग्रामीण भेकमा पर्ने मा.वि.सन्हैठा स्रोतकेन्द्र गरी दुईवटा स्रोतकेन्द्रहरु अन्तर्गतका तीन-तीनवटा गरी ६ वटा माध्यमिक विद्यालयहरु एवम् उल्लेखित विद्यालयसँग सम्बन्धित विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु ६ जना, प्रत्येक विद्यालयका प्र.अ.हरु ६ जना, प्रत्येक विद्यालयका शैक्षिक जनशक्ति विकास केन्द्रबाट १० महिने तालिम प्राप्त गरेका माध्यमिक  शिक्षक हरु २/२ जना गरी जम्मा १२ जना र प्रत्येक विद्यालयबाट अध्ययनरत छात्रछात्राहरु ४/४ जना गरी जम्मा १६ जनामा यस अध्ययनलाई सीमित गरिएको छ ।

विद्यार्थीको बसाइ, शैक्षिक सामग्रीको व्यवस्थापन, कालोपाटीको व्यवस्थापन, कक्षाकोठाको सजावट र कक्षाकोठाको सिकाइ वातावरण आदि सम्बन्धसँग सीमित रहेको छ ।

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

कुनै पनि शोध अनुसन्धान कार्यलाई निचोडमा पुऱ्याउन पूर्व स्वीकृत तथ्य वा सिद्धान्तको आधार लिनुपर्ने हुन्छ । त्यसै स्वीकृत तथ्य वा सिद्धान्तमा आधारित कुनै पनि नयाँ तथ्यहरु विश्वसनीय र वास्तविक हुन्छन् । यो एउटा निरन्तर प्रक्रिया पनि हो । यसरी अनुसन्धानबाट पत्ता लगाइएका तथ्य कुराहरु सिद्धान्तहरुबाट प्रमाणित भएको हुनुपर्दछ । यी मान्यता र तथ्यको सहयोगबाट नै कुनै नयाँ मुद्दा र समस्याको समाधानको विकल्पहरु खोज्न सम्भव र सान्दर्भिक  हुन्छ । जसले शोधकर्तालाई खोजी गर्न बाँकी समस्याहरुको वारेमा आफ्नो अध्ययनलाई केन्द्रित गराउने अवसर प्राप्त हुन्छ । तसर्थ मैले अनुसन्धानको क्रममा यस अध्ययनसँग सम्बन्धित लेख, रचना, शोधग्रन्थ आदिको संक्षिप्त विवरणलाई आफ्नो अध्ययनसँग दाँजेर प्रष्ट्याउने प्रयास गरेको छु ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अधिकांश अध्ययनहरुले माध्यमिक  शिक्षक को तालिमको प्रभावकारितालाई विद्यार्थी उपलब्धिसँग दाँजेको तर शिक्षक को शिक्षक व्यवस्थापन पक्षलाई वस्तुगत ढङ्गले नहेरेको हुनाले यस शोध कार्यसँग प्रत्यक्ष सम्बन्धित साहित्य कमै छन् । तथापि अध्ययनको सन्दर्भमा उपयोगी हुने र यस अध्ययनलाई थप सहयोग गर्ने केही साहित्यहरु र त्यसका निष्कर्षहरुले समेत यस अध्ययनलाई मार्गदर्शन पुग्ने हुँदा केही अध्ययनहरुको पुनरावलोकन गरिएको छ ।

कुनै पनि पेशा सफल पार्नका लागि व्यक्ति स्वयम् निपुण हुनु पर्दछ । त्यस्तै शिक्षण पेशालाई सफलतापूर्वक कार्यान्वयन गर्ने गराउने काम शिक्षक को हो । स्टिनेटको विचारमा "शिक्षण एउटा पेशा हो जुन विशिष्ट अध्ययन र तालिममा आधारित हुन्छ । जसको उद्देश्य सीपयुक्त सेवा प्रदान गर्नु र निश्चित शुल्क र वेतनको आधारमा अरुलाई सल्लाह दिनु हो ।" प्रभावकारी शिक्षणको लागि उपयुक्त वातावरण एवम् कक्षाकोठाको व्यवस्थापन धेरै महत्वपूर्ण हुन्छ । असल शिक्षक मा प्रभावकारी शिक्षण

गर्न विभिन्न गुणहरुको आवश्यकता पर्दछ । शिक्षण कार्य मानवीय व्यवहारसँग प्रत्यक्ष अन्तर्क्रिया हो । शिक्षणका विभिन्न नयाँ नयाँ प्रविधिहरुको विकासलाई ग्रहण गरी विद्यार्थीहरु समक्ष पुऱ्याउन शिक्षण पेशासँग आबद्ध व्यक्तिहरु अनुशासित, मर्यादित र योग्य हुनका लागि तालिमको आवश्यकता पर्दछ (शर्मा एण्ड शर्मा, २०६०) ।

“शिक्षक  तालिमवारे केही विवेचना : विकासको निम्ति शिक्षा” भन्ने शीर्षकको लेख अन्तर्गत उल्लेख गरे अनुसार शिक्षामा गरिने लगानीको सकारात्मक र उपलब्धिमूलक प्रतिफल विद्यार्थीहरुले हासिल गर्ने गुणस्तरयुक्त सिकाइ उपलब्धिबाट मात्र पुष्टि  हुन्छ । यस किसिमको सिकाइलाई चरितार्थ गर्ने तर्फ प्रमुख भूमिका निभाउने कारक तत्व शिक्षक हरु नै हुन् । शिक्षक को शिक्षण क्षमता र दक्षता विकास गराउनमा आवश्यकता, सापेक्षता, वस्तुगत कार्यमूलक तालिमबाट मात्र सकारात्मक प्रतिफल प्राप्त हुन सक्दछ । यसै तथ्यको आधारमा नेपालमा शिक्षक  तालिम केवल तालिमको लागि मात्र देखिन्छ । शिक्षक  तालिमको प्रभावकारिता सुनिश्चित गर्ने जडवादी परम्परामा परिवर्तन ल्याउनै पर्छ । यसका लागि तालिमको विषय, क्षेत्र, प्रक्रिया, तालिमका प्रकार र तालिमको अनुगमन एवम् मूल्यांकन तथा सुधारका उपायहरु गम्भीर भई ध्यान दिनु पर्छ, (लामिछाने (२०६०) ।

नेपालमा माध्यमिक  शिक्षक  तालिमको प्रभावकारिता अध्ययनले शैक्षिक जनशक्ति विकास केन्द्रबाट माध्यमिक  शिक्षक  तालिमका लागि विकसित प्रशिक्षण तथा पाठ्यसामग्री सेवाकालीन शिक्षक का लागि अनुभवमा आधारित हुन नसकेको, प्रस्तुतीकरणमा रोचकताको कमी, खेल, केस घटना, वार्ता, कथा, चित्र, आत्मकथा, गीत, कविता, ग्राफ चार्ट आदि न्यून प्रयोगले पाठ्यसामग्री रोचक सिकाइ अनुकूल र व्यवहारिक हुन नसकेको उक्त अध्ययनले देखाएको छ, (शैक्षिक जनशक्ति विकास केन्द्र, २०६३) ।

शैक्षिक जनशक्ति विकास केन्द्रको कोर रिपोर्टले तालिम प्राप्त शिक्षक हरुको कक्षा शिक्षण अवलोकनबाट धेरैजसो विद्यालयमा तालिमबाट सिकेको सीप कक्षाकोठाको व्यवस्थापन र कक्षा शिक्षणमा प्रयोग नगरेको पाइयो तसर्थ तालिम प्राप्त भएर मात्र हुँदैन, त्यसलाई व्यवहारमा उतार्ने वातावरणको खाँचो भएको उक्त अध्ययनले देखाउँछ । त्यसैगरी कक्षाकोठाको शिक्षण अवलोकनबाट सफल विद्यालय र कम सफल

विद्यालयमा अध्ययन गर्दा परम्परागत शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइएको उक्त अध्ययनले औंल्याएको छ ।

“माध्यमिक तहमा शिक्षक व्यवस्थान” भन्ने शीर्षकको लेखमा शिक्षक तालिमको प्रभावकारितामा गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय शिक्षक चाहिन्छ र शिक्षक बाट तालिममा सिकेका ज्ञान र सीपहरुको प्रभावकारी कार्यान्वयन कक्षाकोठामा नभएसम्म गुणात्मक शिक्षा पाउन सक्दैनन् भन्नेमा जोड दिएका छन् । नेपालमा शिक्षक हरुका लागि तालिमको ठूलो महत्व दिई यसमा प्रशस्त लगानी गरिए तापनि तालिमले सन्तोषप्रद परिणाम ल्याउन सकेको छैन । सार्वजनिक शिक्षा प्रतिको बढ्दो असन्तुष्टिले त झन् शिक्षक तालिम प्रति नै एक प्रकारको वितृष्णा उत्पन्न गर्न थालेको छ । विभिन्न अध्ययनहरुले तालिममा जोड दिएका छन् । शिक्षक हरुले तालिममा प्राप्त गरेका ज्ञान सीपहरुको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त वातावरण बनाउनमा सरोकारवाला सम्पूर्ण पक्षहरुले आ-आफ्नो क्षेत्रबाट प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने खाँचो रहेको देखाइएको छ । जवसम्म तालिमबाट प्राप्त ज्ञान सीपहरुको कक्षाकोठाको व्यवस्थापन एवम् शिक्षण सिकाइ क्रियाकलापमा पूर्ण रुपमा सदुपयोग हुँदैन तबसम्म शिक्षक तालिमको प्रभावकारिता न्यून रहने तथा शिक्षक तालिमहरु अप्रभावकारी नै रहने छन् भन्ने निष्कर्ष विष्टको लेखमा देखिन्छ, (विष्ट, २०५९) ।

तालिम प्राप्त र अप्राप्त शिक्षक हरुको कक्षाकोठाको व्यवहार सम्बन्धमा अध्ययन गरेका छन् । जसको प्रमुख उद्देश्य तालिम प्राप्त र अप्राप्त शिक्षक हरुको शैक्षणिक व्यवहार पहिचान अन्तर्गत शिक्षण सिकाइ क्रियाकलाप एवम् शिक्षक व्यवस्थापनका सीपहरुको प्रयोग एवम् शैक्षिक र अतिरिक्त क्रियाकलापहरुमा सहभागिताको पहिचान गर्नु रहेको देखिन्छ । उक्त अध्ययनमा तालिम प्राप्त र अप्राप्त शिक्षक हरुको समष्टिगत तुलनात्मक अध्ययन गर्दा तालिम प्राप्त शिक्षक ले तालिम अप्राप्त शिक्षक हरुको तुलनामा कालोपाटी, शैक्षिक सामग्रीको प्रयोग, विद्यार्थीको वसाइ व्यवस्थापन एवम् शिक्षण सिकाइ क्रियाकलापमा तालिम प्राप्त शिक्षक ले राम्रो गरेको देखाइएको छ भने तालिम अप्राप्त शिक्षक ले तालिम प्राप्त शिक्षक को तुलनामा प्रभावकारितामा कमी रहेको निष्कर्ष न्यौपानेको अध्ययनले निकालेको छ, (न्यौपाने, २०६२) ।

माध्यमिक  तहको सिकाइमा कक्षाकोठाको व्यवस्थापन सम्वन्धमा अध्ययन गरेका छन् । जसको प्रमुख उद्देश्य माध्यमिक  तहमा अध्ययनरत बालवालिकाहरुका सिकाइ प्रक्रियामा कक्षाकोठाको व्यवस्थापनसँगको सम्बन्धको अध्ययन अर्थात् कक्षाकोठाको व्यवस्थापनले सिकाइमा पारेको प्रभावको अवस्था पहिचान गर्नु रहेको देखिन्छ । माध्यमिक  तहमा अध्ययनरत साना साना बालवालिकाहरु विद्यालयमा रमाइलो वातावरणमा पढ्न पाउँदा तिनीहरुको सिकाइ उपलब्धि राम्रो रहेको देखाइएको छ । यस अध्ययन अनुसार शिक्षक हरुले विभिन्न तालिमबाट सिकेका सीपहरुको कक्षाकोठाको व्यवस्थापनमा राम्रो ढंगले प्रयोग भएको पाइएन । अर्थात् कक्षाकोठाको व्यवस्थापनमा खासै ध्यान नदिइएको परम्परागत शैलीमा नै कक्षाकोठाको अवस्था रहेको पाइयो । वर्तमान अवस्थामा प्र.अ. एवम् शिक्षक हरुले शिक्षक व्यवस्थापनमा खासै ध्यान नदिनाले वालवालिकाहरुको सिकाइ उपलव्धिमा नकारात्मक प्रभाव पर्न गएकाले सम्बन्धित पक्षहरुले आफ्नो काम कर्तव्य वा जिम्मेवारी प्रति अझ बढी जिम्मेवार हुनुपर्ने, शिक्षक हरुले तालिमबाट प्राप्त गरेका ज्ञान, सीपहरुको कक्षाकोठाको राम्रो व्यवस्थापन गर्नमा ध्यान पुऱ्याई विद्यालयमा अध्ययनरत वालवालिकाहरुको शैक्षिक स्तर उकास्नमा तल्लीन रहनुपर्ने सुझाव समेत उल्लेख गरिएको पाइन्छ, (भुषाल,२०६६) ।

“वालमैत्री विद्यालय व्यवस्थापनको प्रभावकारिता” शीर्षकमा गरेका अध्ययन काठमाण्डौं जिल्लाका चारवटा सार्वजनिक माध्यमिक  विद्यालयमा मात्र सीमित छन् । जसको प्रमुख उद्देश्य विद्यालयमा वालमैत्री कक्षाकोठाको व्यवस्थापनको वर्तमान अवस्था पहिचान गरी वालवालिकाहरुको वालमैत्री सिकाइ वातावरण हुने व्यवस्थाहरु खोजी गर्नु वा पत्ता लगाउनु थियो । यस अध्ययनको निष्कर्षमा अधिकांश विद्यालयका प्र.अ.हरुले विद्यालयका भौतिक साधनलाई उच्चतम प्रयोग गरी विद्यालय एवम् कक्षाकोठाको उचित व्यवस्थापनमा ध्यान पुऱ्याइएको पाइन्छ । जसले शिक्षण सिकाइमा सकारात्मक प्रभाव पारेको धारणा वि.व्य.स. का अध्यक्ष, शिक्षक  एवम् अभिभावकहरुको रहेको देखिन्छ, (बलम्पु, २०६७) ।

“कक्षा शिक्षणमा तालिमको प्रभावकारिता” शीर्षक अन्तर्गत मकवानपुर जिल्लाका दुईवटा स्रोतकेन्द्रका १२ वटा विद्यालयहरुमा अध्ययन सीमित राखेका छन् । जसको

प्रमुख उद्देश्य कक्षा शिक्षणमा माध्यमिक शिक्षक तालिमको प्रभावकारिताको वर्तमान अवस्था पहिचान गर्ने रहेको देखिन्छ । अधिकारीले यस अध्ययनको क्रममा सामुदायिक माध्यमिक विद्यालयमा शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा १० महिने तालिम प्राप्त शिक्षक हरुले तालिमद्वारा प्राप्त गरेका सीपहरुलाई कक्षाकोठामा प्रभावकारी रुपले प्रयोग गर्न नसकेको कुरा देखिन्छ । शिक्षक हरुले तालिमबाट प्राप्त गरेको कक्षा व्यवस्थापन, शिक्षणका लागि पूर्ण तयारी, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन पद्धति र विद्यार्थीलाई दिइने गृहकार्य सम्बन्धि ज्ञान तथा सीपलाई वास्तविक शिक्षण व्यवहारमा लागु गर्दा आउने समस्याहरुको समय-समयमा पहिचान गरी निदानका लागि उचित निकास खोजिनु पर्ने सुझाव समेत दिएको देखिन्छ, ( अधिकारी, २०६५) ।

एउटा असल शिक्षक ले आफ्ना विद्यार्थी र अन्य शिक्षक शिक्षिकाहरुसँग छलफल गरी कक्षाकोठालाई बालवालिकाका निम्ति अझ सुरुचिपूर्ण र आकर्षक तुल्याउन सक्छ । इच्छा र तत्परता भयो भने समाहित शिक्षा अनुकूलको प्रभावकारी कक्षाकोठाको व्यवस्थापन गर्न सक्छ । शिक्षक सवैका लागि अनुकूल हुनु, सवैको पहुँच सुलभ हुनु, सबैको धर्म, संस्कृति, रीतिरिवाजको सम्मान गर्नु, स्थानीय भाषा भाषिकाको समेत प्रयोग गर्न सक्नु, विद्यार्थीका मौलिकता र सिर्जनात्मक क्षमताको प्रयोग गर्न सक्ने कक्षाकोठाको वातावरण हुनु समावेशीकरण कक्षाकोठाका विशेषता हुन्, (वाग्ले र साथीहरु, २०६९) ।

माथि उल्लेखित पूर्व साहित्यको समीक्षाबाट के विश्लेषण गर्न सकिन्छ भने कक्षाकोठाको व्यवस्थापन कार्य गहन, जिम्मेवारीपूर्ण, चुनौतीपूर्ण तथा उद्देश्यपूर्ण हो । तसर्थ कक्षा व्यवस्थापनको लागि विविध कठिनाईहरु आइपर्दछन् । शिक्षक विद्यार्थी तथा समुदाय बीच राम्रो सम्बन्ध स्थापित हुन नसक्दा विद्यालयको विकास गर्न सजिलो हुँदैन । विद्यार्थीहरुको मनोवैज्ञानिक भावना बुझी कक्षा व्यवस्थापन गर्नुपर्ने हुन्छ । कक्षा व्यवस्थापनमा यी शिक्षक समावेशी हुनु पर्दछ । शिक्षक व्यवस्थापन व्यवहारिक, सिकाइ अनुकूल र वैज्ञानिक बनाउनु शिक्षक ले धेरै मिहिनेत गर्न आवश्यक हुन्छ । यस्तो कार्य शिक्षक एक्लैको प्रयासले मात्र गर्न कठीन हुन सक्छ । उपयुक्त शिक्षक व्यवस्थापनमा सहयोग पुऱ्याउने कार्य प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, स्रोतव्यक्ति र विद्यालय निरीक्षकको समेत हुनु पर्छ तर कक्षाकोठालाई विषयवस्तु

अनुसार सिकाइ अनुकूल बनाउने, विद्यार्थीलाई सिक्न तत्पर बनाउने, पाठयोजनाका उद्देश्य प्राप्तिका लागि शिक्षक अनुकूल बनाउने कार्यमा भने स्वयम् शिक्षक कै भूमिका रहेको हुन्छ ।

## २.२ सैद्धान्तिक खाका

कुनै पनि अनुसन्धान कार्यलाई निचोडमा पुऱ्याउन पूर्वस्वीकृत सिद्धान्तको आधार लिनुपर्ने हुन्छ । पूर्वस्वीकृत सिद्धान्तमा आधारित कुनै पनि तथ्यहरु विश्वसनीय र वास्तविक हुन्छन् । अनुसन्धानबाट पत्ता लगाइएका कुराहरु स्थापित सिद्धान्तबाट प्रमाणित भएको हुनुपर्छ । यस्ता मान्यताप्राप्त तथ्याङ्कहरुको सहयोगबाट नयाँ समस्याको समाधानका लागि विकल्पहरु खोज्नु सजिलो हुन्छ । प्रभावकारी शिक्षण सिकाइका लागि कक्षाकोठाको व्यवस्थापन उपयुक्त हुनुपर्दछ ।

परम्परागत रुपमा चल्दै आएको भूल र प्रयत्नको प्रशासनिक व्यवस्थापनलाई सिलसिलाबद्ध वैज्ञानिक र तर्क संगत बनाउनु पर्दछ भनी वैज्ञानिक व्यवस्थापन सिद्धान्त प्रतिपादन गरेका हुन् । उनका अनुसार वैज्ञानिक व्यवस्थापन भन्नाले मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले राम्रो र किफायती ढंगले सम्पन्न गर्न सक्दछन् भन्ने कुरा सही ढंगले जान्ने कला हो । वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले प्रशासन/व्यवस्थापनका क्षेत्रमा जति प्रभावकारी बन्यो त्यति नै शिक्षा प्रशासन क्षेत्रमा पनि प्रत्यक्ष रुपमा प्रभाव पाऱ्यो । पूर्व धारणा वा परम्परागत कार्यविधिको स्थानमा अनुसन्धान तथा विश्लेषणद्वारा निर्मित सिद्धान्त र तर्कपूर्ण पद्धतिको प्रयोग गरी संघ संस्थामा कामहरु पूर्व निश्चित योजनाअनुसार गर्नुपर्ने कुराहरुलाई यस सिद्धान्तले जोड दिएको छ (कोइराला र श्रेष्ठ, २०६६) ।

वैज्ञानिक व्यवस्थापनका सिद्धान्तअनुसार उत्पादकत्व बढाउन कामदारको कार्यक्षमता अभिवृद्धि गर्नुपर्ने कुरामा जोड दिँदै दक्ष जनशक्तिको नियुक्ति, जनशक्तिको कार्यशैली र कार्यकुशलता वृद्धिका लागि तालिमको व्यवस्था, कार्य क्षमताको पूर्ण उपयोग र उत्प्रेरणाबाट संगठनको उत्पादन वृद्धि हुने कुरा उल्लेख गरेका छन् । प्रत्येक कामदारको परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्दछ । टेलरको सिद्धान्त अनुसार कामदारको परम्परागत शैलीलाई परिवर्तन गरी नयाँ नयाँ तरीका

अपनाउनका लागि कामदार आफैंले काम छान्ने परम्परालाई हटाई वैज्ञानिक ढङ्गले कामदार छनोट गर्ने र छानिएका कामदारलाई तालिम दिँदै दक्षता अभिवृद्धि गराउनु पर्दछ । कामदारलाई कार्यबाट अधिकतम उपलब्धि हासिल गर्ने ढंगबाट परिचालन गर्नु पर्दछ । वैज्ञानिक ढाँचाले ज्याला निर्धारण गर्नु पर्दछ र बढी काम गर्नेलाई बढी ज्याला दिनुपर्छ । वैज्ञानिक व्यवस्थापनको सिद्धान्तमा टेलरले अवलोकन, मूल्यांकन, प्रयोग तथा निचोड जस्ता तत्वहरुको समावेश गरेका छन् । कामको प्रभावीकरण, सरलीकरण, समय र गतिको अध्ययन गरी दैनिक योजनासँगै तालिमको समेत व्यवस्था गरी, दैनिक काममा सरलीकरण गर्न सकिन्छ । फलस्वरुप कर्मचारी आफ्नो कार्यप्रति उत्प्रेरित भई उत्पादकत्व एवम् गुणस्तर बढाउन सकिन्छ भन्ने यस सिद्धान्तको सार रहेको छ, (कोइराला र श्रेष्ठ, २०६६) ।

मन्टेश्वरी (१९४२) का अनुसार शिक्षण गरेर सिकाइ हुने कुरालाई मन्टेश्वरीले पूर्ण रुपमा त अस्वीकार गरिनन् तर स्वीकार पनि गरिनन् । मन्टेश्वरीको यो सिद्धान्तलाई जोन आदमले कक्षा शिक्षण मृत्युको घण्टि भने तापनि यो सिद्धान्त व्यक्तिलाई स्वतः क्रियाशील बनाउने पक्षसँग सम्बन्धित छ र शिक्षक ले बालकको मानसिक तथा मनौवैज्ञानिक विकाससँग सरोकार राख्दछ । स्व-शिक्षा वा स्वतः शिक्षा नै वास्तविक शिक्षा हो भन्ने उनको विश्वास छ । स्व-शिक्षा आर्जन गर्नका लागि उपयुक्त वातावरणको आवश्यकता पर्ने भएकोले कक्षाकोठाको व्यवस्थापन उपयुक्त हुँदा बालवालिकाहरु सिकाइका लागी उपयुक्त वातावरण पाउँछन् । उनी कुनै पनि व्यस्क बालवालिकाको स्व-शिक्षा आर्जनमा बाधा गर्नु हुँदैन र उनीहरु स्वयम्लाई सिक्ने अवसर प्रदान गर्नु पर्दछ भन्ने मान्यतामा अगाडि बढेकी छन् ।

उनका अनुसार शिक्षक को भूमिका रहन्छ तर बच्चाको ध्यान केन्द्रित गर्नमा, उनीहरुलाई व्यस्त राख्नमा, सिक्नका लागि बाटो देखाउनमा र गतिविधि तथा क्रियाकलाप गर्न शक्ति प्रदान गर्नमा मद्दत गर्दछ । विकासको रुपमा शिक्षालाई परिभाषित गरेर पूर्णरुपमा स्वतन्त्रतापूर्वक क्रियाकलापमा सहभागि भएर बालवालिकाहरुले सिक्न सक्छन् र यो शिक्षा नै वास्तविक शिक्षा हो भन्ने मान्यता मन्टेश्वरीको रहेको छ । उनको विचारमा विद्यालय बालवालिकाहरुको घर हो । बालवालिकाहरुले भावि जीवनमा घरायसी काम कारवाहीका सिलसिलामा प्रयोग

गर्नुपर्ने सम्पूर्ण सामग्रीहरु त्यस "बालवालिकाहरुको घर" मा उनीहरुले प्रयोग गर्न पाउँछन् र सिकाइ गर्दछन् । यो एउटा प्रयोगात्मक कक्ष हो ।

यसले विद्यालयका भौतिक व्यवस्थापनलाई प्रभावकारी बनाउन शैक्षिक उन्नति गर्नमा र कुनै पनि वालवालिकाले आफ्नो घरमा सहज तरीकाले शिक्षा आर्जन गर्न पाउनु पर्दछ । घरको व्यवस्थापन वा कक्षाकोठाको प्रभावकारी व्यवस्थापन गर्नाले वालवालिकाहरुलाई सिक्न सक्ने उपयुक्त वातावरण प्राप्त भै सिकाइ प्रभावकारी ढंगले हुन्छ भन्ने कुरालाई विशेष जोड दिइएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

माथि उल्लेख गरिएको सम्पूर्ण साहित्यहरुको अध्ययन र पुनरावलोकनबाट विशेष गरी के देखिन्छ भने तालिमले शिक्षक हरुमा कक्षाकोठाको व्यवस्थापन एवम् शिक्षण दक्षतामा प्रभाव पारे तापनि तालिमबाट सिकेका कुराहरु कार्यान्वयन पक्षमा उतार्न नसकेको, तालिमका सीपहरु केवल तालिम कार्यशालामा मात्र सीमित रहेको, तालिम पछाडि कार्यान्वयन अवस्था वारे अनुगमन निरीक्षण नगर्नुले जे जसरी पठनपाठन गर्दा पनि हुने परिपाटीले शिक्षक हरुमा तालिममा सिकेका कुराहरु कक्षाकोठामा प्रयोग गर्नुपर्ने बाध्यता नरहेको समेत थाहा हुन्छ । यी अध्ययनहरुले शिक्षक तालिममा सिकेका ज्ञान र सीप कक्षाकोठामा प्रयोग हुनु पर्ने र त्यसको सफल कार्यान्वयन भए नभएको निरन्तर मूल्यांकन गर्नुपर्ने पक्षमा जोड दिइएको छ ।

शिक्षक तालिमबारे केही विवेचना : विकासको निम्ति शिक्षा भन्ने शीर्षकको लेखमा शिक्षामा गरिने लगानीको उपलब्धिमूलक प्रतिफल गुणस्तरयुक्त सिकाइ उपलब्धिबाट मात्र पुष्टि हुन्छ । परम्परागत शैलीमा परिवर्तन ल्याई तालिममा सिकेका ज्ञान सीपहरुको प्रभावकारी कार्यान्वयन नभए तालिमको प्रभावकारिताको महत्व नरहने भन्ने आधार यस लेखबाट पाइएको हुँदा यस अध्ययनलाई अगाडि बढाउन लामिछानेको लेख उपयोगी हुने देखिन्छ । त्यस्तै विष्ट (२०५९) को लेखले शिक्षामा गरेको प्रशस्त लगानीको सन्तोषप्रद परिणाम पाउनको लागि विद्यालय क्षेत्रमा अनुकूल वातावरणको सृजना गरी तालिमबाट प्राप्त सीपहरुको शिक्षक व्यवस्थापन एवम् शिक्षण सिकाइ क्रियाकलापमा पूर्ण रुपमा सदुपयोग नभएसम्म सम्भव देखिदैन ।

वर्तमान अवस्थामा तालिम प्राप्त शिक्षक हरुको शिक्षण क्रियाकलाप हेर्दा प्रभावकारी शिक्षणका लागि कक्षाकोठाको व्यवस्थापन पनि उत्तिकै महत्वपूर्ण देखिन्छ । शिक्षक हरुले तालिमबाट प्राप्त गरेको सीप र कक्षाकोठाको व्यवस्थापनको अवस्थालाई सम्बन्धित गराउन नसकिएको त छैन भनी अध्ययन कार्यलाई अगाडि बढाउन सहयोग पुग्ने देखिन्छ, (लामिछाने , २०६०) ।

माध्यमिक तहको सिकाइमा कक्षाकोठाको व्यवस्थापन सम्बन्धमा अध्ययन गरेअनुसार तालिममा सिकाइएका सीपहरु शिक्षक मा जानकारी रहे तापनि त्यसको प्रयोगमा शिक्षक ले ध्यान नदिएको अर्थात् शिक्षक ले ती सीपहरु कक्षाकोठामा प्रयोग गर्नुपर्ने वाध्यता नरहेकोले जेगर्दा पनि हुने प्रवृत्ति सामुदायिक विद्यालयका शिक्षक मा रहेकोले कक्षाकोठाको अवस्था परम्परागत शैलीमा नै देखिने निष्कर्ष निकालेका छन् । साना वालवालिकाहरुको व्यवस्थित रमाइलो वातावरणमा सिकाइ उपलब्धि राम्रो देखिने भएकोले वर्तमान अवस्थामा कक्षाकोठाको व्यवस्थापनमा तालिम प्राप्त शिक्षक हरुको अवस्था अध्ययन कार्यलाई अगाडि बढाउनलाई यो अध्ययन उपयोगी छ, (भुषाल, ( २०६६) ।

अध्ययन अनुसार सामुदायिक माध्यमिक विद्यालयहरुमा शिक्षक हरुले तालिमबाट प्राप्त गरेका कक्षा व्यवस्थापन एवम् शिक्षणका लागि पूर्ण तयारी, शिक्षण सिकाइ क्रियाकलाप, मूल्यांकन र गृहकार्य सम्बन्धी ज्ञान र सीपलाई वास्तविक शिक्षण व्यवहारमा लागु गर्दा आईपर्ने समस्याहरु समय-समयमा पहिचान गरी निदानका लागि उचित निकास खोजिनुपर्ने सुझाव दिए अनुसार हालको परिवेशअनुसार तालिमका सीपहरु, कक्षाकोठाको व्यवस्थापन गर्नमा प्रभावकारिताको अवस्था अध्ययन अनुसन्धान कार्यलाई अगाडि बढाउन यो अध्ययन उपयोगी हुने देखिन्छ, (अधिकारी (२०६५) ।

त्यस्तै एफ.डब्लु. टेलरको वैज्ञानिक व्यवस्थापन सिद्धान्त अनुसार उत्पादकत्व बढाउन कामदारको कार्य दक्षता अभिवृद्धि गर्नुपर्ने कुरामा जोड दिएकाले कक्षाकोठाको व्यवस्थापनका लागि शिक्षक हरु तालिम प्राप्त हुनु पर्दछ र तालिममा सिकेका ज्ञान एवम् सीपहरुको प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्छ । परम्परागत कार्यशैलीलाई परिवर्तन गरी नयाँ तरीका अपनाउन तालिम नलिएका शिक्षक लाई तालिम प्रदान गरी शिक्षक व्यवस्थापनमा उपयुक्त तरीकाहरु प्रयोग गर्न सकियो भने कार्यशैलीमा

प्रभावकारिता आई नयाँ रुप लिन पुग्दछ । यस सिद्धान्तले कामदार छनोट वैज्ञानिक ढंगले गर्ने र त्यसपछि तालिम दिँदै दक्षता अभिवृद्धि गर्न सकिन्छ त्यस्तै बढी काम गर्नेलाई बढी ज्याला दिनुपर्छ भन्ने मान्यता जस्तै शिक्षक हरुमा पनि शिक्षक राम्रो तवरबाट उपयुक्त तरीकाहरु प्रयोग गर्दै शिक्षक व्यवस्थापन एवम् प्रभावकारी शिक्षण सिकाइ कार्य गरेमा त्यस्ता शिक्षक लाई उचित सम्मान गर्नु पर्दछ भन्ने आधारहरु वैज्ञानिक व्यवस्थापन सिद्धान्तबाट प्राप्त हुने हुँदा यस अध्ययनका लागि यो सिद्धान्त उपयोगी छ ।

यस अध्ययनका क्रममा फ्रेडरीक वाइनस्लो टायलरको बैज्ञानिक व्यवस्थापन सिद्धान्तले विद्यालयको शिक्षक व्यवस्थापनमा वैज्ञानिक तरीकाले शिक्षक व्यवस्थापन गर्न पूर्वनिश्चित योजना अनुसार कार्य गर्नका लागि सहयोग गरेको छ । साथै मन्टेश्वरीको सिद्धान्तले यस अध्ययनको क्रममा प्रश्नावलीहरुको निर्माण गर्न र अनुसन्धानको व्याख्या विश्लेषण गर्न र सुझावहरु प्रस्तुत गर्नका लागि सहयोग पुऱ्याएको छ ।

यसरी यी माथि प्रस्तुत सम्बन्धित साहित्यको अध्ययन र सिद्धान्तबाट यस शोधकार्यलाई व्यवस्थित रुपमा अगाडि बढाउन सहयोग पुऱ्याएको छ ।

# परिच्छेद : तीन
# अध्ययन विधि

अध्ययनय तथा अनुसन्धान एउटा महत्वपूर्ण एवम् जटिल वैज्ञानिक कार्य हो । नयाँ ज्ञानको खोजी गर्नु अनुसन्धानको उद्देश्य हो । यसले कुनै पनि विषयवस्तु वा समस्या, घटना, परिघटनाको बारेमा विस्तृत जानकारी दिई निष्कर्षमा पुग्न सहयोग गर्दछ । कुनै पनि विषयवस्तु वा समस्याका बारेमा अध्ययन गर्दा त्यससँग सम्बन्धित सम्पूर्ण जानकारीहरुलाई सहज र सरल तरीकाबाट सत्यतथ्य तथ्याङ्क प्राप्त गरी सोही आधारमा निष्कर्ष तथा सारांश निकाली उपलब्धिपूर्ण खोज अनुसन्धान बनाउनु आवश्यक हुन्छ ।

अनुसन्धान कार्यबाट अपेक्षित उद्देश्य पूरा गर्न निश्चित प्रक्रिया तथा तरीकाहरु अपनाइन्छ, जसलाई अध्ययन विधि भनिन्छ । निर्धारित विधि तथा प्रक्रिया एवम् तरीका विना सञ्चालन गरिएको अध्ययन अपूरो एवम् अपूर्ण अनुसन्धान हुने हुन्छ र त्यसबाट प्राप्त नतीजा पनि अर्थपूर्ण एवम् उद्देश्यमूलक नभई पूर्णतः गलत हुन जान्छ । तसर्थ अध्ययनका निम्ति विधि पूर्व निर्धारित गरिनु पर्दछ । यस अध्ययनलाई सम्पन्न गर्न आवश्यक पर्ने जानकारी एवम् तथ्याङ्क संकलन गर्न विभिन्न अध्ययन विधिहरुको प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धान समस्याको वस्तुगत विश्लेषणको लागि अपनाइएको विस्तृत कार्यविधिको रुपरेखा निर्धारण गर्नु नै अनुसन्धानको ढाँचा हो । कुनै पनि अध्ययन तथा अनुसन्धान कार्यका लागि हालसम्म प्रचलित पद्धतिहरुमा गुणात्मक र परिमाणात्मक विधिहरु पर्दछन् । त्यसकारण यस अनुसन्धानमा पूर्व निर्धारित उद्देश्यहरु प्राप्त गर्न गुणात्मक र परिमाणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या

यस अध्ययनको लागि सिरहा जिल्ला अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरु र ती विद्यालयहरुसँग सम्बन्धित विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, प्र.अ.हरु, शिक्षक

हरु एवम् अध्ययनरत सम्पूर्ण विद्यार्थीहरु यस अध्ययनको जनसंख्याको रुपमा रहेका छन् ।

## ३.३ नमुना छनोट प्रक्रिया

अनुसन्धानकर्ताले आफ्नो अनुसन्धान कार्यका लागि अवलोकन तथा विश्लेषण गरी छनोट गरिएको जनसंख्याको सानो अनुपातलाई नमुना भनिन्छ र यसको छनोटलाई नै नमुना छनोट प्रक्रिया भनिन्छ (खनाल, २०६७) । अध्ययन तथा अनुसन्धानको लागि आवश्यक पर्ने सूचनाहरु सम्पूर्ण जनसंख्याबाट लिनुपर्ने हुन्छ । सम्पूर्ण जनसंख्याको सूचना संकलन गर्न स्रोत साधन, समय र क्षमता आदिको दृष्टिकोणले सम्भव हुँदैन । जनसंख्याभित्र पनि विभिन्न विशेषता भएका समूहहरु रहेका हुन्छन् । त्यस्ता समूहलाई प्रतिनिधित्व गरी सम्पूर्ण जनसंख्याबाट सानो संख्या निर्धारण गरी सूचनाको संकलन गर्नुपर्छ । जसलाई नमुना छनोट प्रक्रिया भनिन्छ । यस अध्ययन कार्यको लागि निम्नानुसारको नमुना छनोट गरिएको छ :

### ३.३.१ स्रोतकेन्द्रको छनोट

प्रायः अध्ययन अनुसन्धान शहरमुखी र सडकमुखी रहेको अवस्थामा ग्रामीण क्षेत्रका विद्यालयहरुमा अध्ययन अनुसन्धानको कमी रहेकोले यस सिरहा जिल्लामा रहेका १० वटा स्रोतकेन्द्रहरु मध्ये शहरी क्षेत्रमा अवस्थित १ वटा स्रोतकेन्द्र श्री.च.मा.वि सिरहा र ग्रामीण क्षेत्रमा अवस्थित १ वटा स्रोतकेन्द्र मा.वि.सन्हैठा गरी जम्मा २ वटा स्रोतकेन्द्रहरुलाई उद्देश्यमूलक नमुना छनोटको रुपमा छनोट गरिएको छ ।

### ३.३.२ विद्यालयको छनोट

श्री.च.मा.वि सिरहा स्रोतकेन्द्र अन्तर्गत रहेका ४६ वटा सामुदायिक विद्यालयहरु र मा.वि.सन्हैठा स्रोतकेन्द्र अन्तर्गत रहेका ३९ वटा सामुदायिक विद्यालयहरु मध्ये शैक्षिक जनशक्ति विकास केन्द्रबाट १० महिने तालिम प्राप्त गरेका शिक्षक हरु कार्यरत दुवै स्रोतकेन्द्रका ३/३ वटा माध्यमिक विद्यालयहरु गरी २×३= जम्मा ६ वटा माध्यमिक विद्यालयहरु छनोट सम्भावनायुक्त नमुना छनोट विधिबाट गरिएको छ ।

### ३.३.३ उत्तरदाताको छनोट

अध्ययनको साधनको प्रयोग गरी आवश्यक तथ्याङ्क र जानकारी प्राप्त गर्न छनोटमा परेका प्रत्येक विद्यालयबाट निम्नानुसारका व्यक्तिहरुलाई नमुनाका रुपमा छनोट गरिएको छ :

**(क) वि.व्य.स .अध्यक्षको छनोट**

यस अध्ययनका लागि नमुना छनोटमा परेका प्रत्येक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गरी ६×१= जम्मा ६ जना अध्यक्षहरुलाई उद्देश्यमूलक नमुनाका रुपमा छनोट गरिएको छ ।

**(ख) प्र.अ. को छनोट**

छनोटमा पर्ने प्रत्येक विद्यालयका प्र.अ. गरी ६×१= जम्मा ६ जना प्र.अ.हरुलाई उद्देश्यमूलक नमुनाका रुपमा छनोट गरिएको छ ।

**(ग) शिक्षक को छनोट**

छनोटमा परेका ६ वटै सामुदायिक माध्यमिक विद्यालयमा शैक्षिक जनशक्ति विकास केन्द्रबाट १० महिने तालिम प्राप्त गरेका कार्यरत शिक्षक हरु मध्ये सम्भावनायुक्त नमुना छनोट विधिका आधारमा प्रत्येक विद्यालयबाट २ जना पर्ने गरी ६×२= जम्मा १२ जना माध्यमिक शिक्षक हरुलाई नमुनाको रुपमा छनोट गरिएको छ ।

**(घ) विद्यार्थीको छनोट**

६ वटा नमुना छनोटमा परेका विद्यालयहरुका छनोटमा परेका शिक्षक हरुले अध्यापन गर्ने कक्षाका विद्यार्थीहरु मध्ये २ छात्रा र २ छात्र गरी प्रत्येक विद्यालयबाट ४ जना विद्यार्थीहरु पर्ने गरी ६×४= जम्मा २४ जना विद्यार्थीहरुलाई सम्भावनारहित नमुना छनोट विधिका आधारमा छनोट गरिएको छ । उपरोक्त नमुना छनोटलाई निम्न अनुसारको नमुना छनोट तालिकामा प्रस्तुत गर्न सकिन्छ :

**तालिका नं. १**

**नमुना छनोटको तालिका**

| क्र.सं. | जम्मा जनसंख्या | नमुना जनसंख्या | छनोट विधि |
|---|---|---|---|
| १. | स्रोतकेन्द्र | २ | उद्देश्यमूलक |
| २. | विद्यालय | ६ | सम्भावनायुक्त |
| ३. | वि.व्य.स. अध्यक्ष | ६ | उद्देश्यमूलक |
| ४. | प्र.अ. | ६ | उद्देश्यमूलक |
| ५. | शिक्षक | १२ | सम्भावनायुक्त |
| ६. | विद्यार्थी | २४ | सम्भावनारहित |

**(स्रोत : स्थलगत अध्ययन)**

## ३.४ तथ्याङ्कका स्रोतहरु

तथ्याङ्कहरु जहाँबाट प्राप्त गर्न सकिन्छ, त्यस क्षेत्रलाई तथ्याङ्कको स्रोत मानिन्छ । अनुसन्धानको प्रकृतिअनुसार तथ्याङ्क प्राप्त हुने स्रोतहरु फरक-फरक हुन सक्छन् । यस अनुसन्धानका लागि निम्न अनुसार २ प्रकारका स्रोतहरु माध्यमिक  र सहायक उपयोग गरिएको छ :

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ताद्वारा पहिलो पटक संकलन र प्रयोग गरिएका तथ्याङ्कहरुलाई माध्यमिक  स्रोत भनिन्छ । प्रथम पटक नै अनुसन्धानकर्ताले संकलन गर्ने भएकोले तिनीहरुको ब्याख्या विश्लेषण गर्ने अधिकार पनि अनुसन्धानकर्ताकै रहने गर्दछ । यस विधिमा अनुसन्धानकर्ताद्वारा अन्तर्वार्ता, प्रश्नावली तथा अवलोकन आदिको माध्यमबाट तथ्याङ्क संकलन गरिन्छ । प्राथमिक तथ्याङ्कका लागि नमुना छनोटमा परेका विद्यालयहरुका वि.व्य.स. अध्यक्ष, प्र.अ., शिक्षक एवम् विद्यार्थीहरुसँग प्रत्यक्ष सम्पर्क राखी शिक्षक व्यवस्थापनको वर्तमान अवस्था, समस्या र समाधानका उपायहरुका बारेमा प्रश्नावली गर्न लगाउनुका साथै विद्यार्थीहरुसँग अन्तर्वार्ता पनि लिइएको छ ।

### ३.४.२ द्वितीय स्रोत

अनुसन्धानकर्ता आफैले संकलन नगरी अरुद्वारा संकलित प्रकाशित तथा अप्रकाशित जर्नल, रिपोर्ट, पत्रपत्रिका, चिठ्ठी पत्र तथा विभिन्न कार्यालयद्वारा प्रकाशित लेख तथा अभिलेख आदिको राम्रो अध्ययन गरी त्यसबाट आफूलाई चाहिने आवश्यक तथ्याङ्क तथा जानकारी द्वितीय स्रोतका रुपमा उपयोग गरिएको छ । जसको क्रममा व्यक्तिगत दस्तावेज (जीवनगाथा, डायरी, चिठ्ठीपत्र, स्मरण), विद्यालयको अभिलेख, स्रोतकेन्द्र अन्तर्गत रहेका अभिलेखहरु तथा सार्वजनिक दस्तावेज शोध ग्रन्थहरु आदि पनि द्वितीय स्रोतको रुपमा उपयोग गरिएको छ ।

यस अध्ययनका क्रममा द्वितीय स्रोतले वैधता र विश्वसनीयता बढाउन सघाउँछ । शिक्षक व्यवस्थापनसँग सम्बन्धित विभिन्न पुस्तक, प्रकाशित तथा अप्रकाशित प्रतिवेदन, जर्नल आदिलाई द्वितीय स्रोतका रुपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क संकलनका साधनहरु

यस अध्ययनका लागि सर्वेक्षण गर्ने क्रममा अध्ययनका साधनहरुका रुपमा अन्तर्वार्ता, प्रश्नावली र अवलोकनका माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । साथै अध्ययनलाई विश्वासिलो बनाउन अध्ययनकर्ताले नमुना छनोटमा परेका विद्यालयमा गई तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.१ अन्तर्वार्ता

गुणात्मक अनुसन्धानको महत्वपूर्ण साधन अन्तर्वार्ता हो । अन्तर्वार्ताले कुनै विशिष्ट विषयमा एक वा एक भन्दा बढी व्यक्तिहरु बीच छलफल गरी विचारहरुको संकलन गर्ने कार्य गर्दछ । अन्तर्वार्ताले किन ? कहाँ ? कसरी ? कस्तो ? जस्ता प्रश्नहरुको गहिराईमा पुगी खोजी गर्दछ । यसले अध्ययनको उद्देश्य पूरा गर्नका लागि संरचित अन्तर्वार्तालाई आधार बनाएको छ । वर्तमान अवस्थामा तालिम प्राप्त शिक्षक हरुको शिक्षक व्यवस्थापनको अवस्था अध्ययनको लागि नमुना छनोटमा परेका विद्यार्थीहरुसँग अन्तर्वार्ताका लागि अनुसूची २ बमोजिमको प्रश्नावली प्रयोग गरिएको छ ।

### ३.५.२ प्रश्नावली

शैक्षिक क्षेत्रमा गरिने अनुसन्धानमा माध्यमिक तथ्याङ्क संकलन गर्ने विधिहरुमध्ये प्रश्नावली एक प्रमुख विधि हो । प्रश्नावली त्यस्तो साधन हो जसमा क्रमिक रुपमा प्रश्नहरु राखिएका हुन्छन् । यी प्रश्नहरु उत्तरदाताले आफैं भरी उत्तरहरु प्राप्त गर्छन् । यस अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्कहरु संकलनका लागि प्रश्नावली बनाइएको छ । नमुना छनोटमा परेका वि.व्य.स. अध्यक्ष, प्र.अ. र शिक्षक हरुसँग कमशः अनुसूची १, २ र ३ बमोजिमका छुट्टाछुट्टै प्रश्नावलीहरु भराई आवश्यक पर्ने जानकारी लिइएको छ ।

### ३.५.३ अवलोकन

अनुसन्धाकर्ता स्वयम् अनुसन्धानका लागि छनोट गरिएको स्थलमा प्रत्यक्ष उपस्थित भएर वस्तुस्थितिको सूक्ष्म जाँच गरी तथ्याङ्क संकलन गर्ने विधि हो । यस विधिमा अनुसन्धानकर्ता आफैले प्रत्यक्षरुपमा अवलोकन गरी तथ्याङ्क संकलन गर्ने भएकोले नतिजा भरपर्दो, विश्वसनीय र वैध हुन्छ । यसले अनुसनधानकर्तालाई अनुसन्धानको निष्कर्षमा पुग्न सहयोग पुऱ्याउँदछ ।

अध्ययनकर्ता आफूले अवलोकन गर्न छनोट गरेको ६ वटै विद्यालयका तालिम प्राप्त शिक्षक को कक्षामा गई शिक्षक व्यवस्थापनको वास्तविक अवस्था थाहा पाउनका लागि अनुसूची ६ बमोजिमको कक्षाकोठाको अवस्था अवलोकन फाराम प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययन अनुसन्धानका लागि समस्या छनोट गरी प्रस्तावना पास गराई सकेपछि शोध निर्देशक श्री धर्मराज सिंहको प्रत्यक्ष निर्देशनमा सूचना संकलनका साधनहरु छनोट गरी जनसंख्याको नमुना समेत छनोट गरी नमुना छनोटमा परेका सिरहा जिल्लाका शहरी क्षेत्र अन्तर्गतका स्रोतकेन्द्रहरु मध्ये श्री.च.मा.वि सिरहा स्रोतकेन्द्रमा पर्ने तीनवटा माध्यमिक  विद्यालयहरु र ग्रामीण क्षेत्र अन्तर्गतका स्रोतकेन्द्रहरु मध्ये मा.वि.सन्हैठा स्रोतकेन्द्रमा पर्ने तीनवटा माध्यमिक विद्यालयहरुमा स्वयं आफै उपस्थित भई माध्यमिक स्रोतको रुपमा विद्यालयको नमुना छनोटमा परेका विद्यार्थीहरुसँग

अन्तर्वार्ता, वि.व्य.स. अध्यक्ष, प्र.अ., शिक्षक हरुसँग प्रश्नावली तथा अवलोकन फाराम प्रयोग गरी विद्यालयको आवश्यक विभिन्न पक्षहरुको अवलोकन गरी प्राप्त भएका सूचनाहरुलाई क्षेत्र मै टिपोट गरी सूचना संकलन गरिएको थियो । साथै प्राप्त भएका सूचनाहरुको गोपनीयता पनि कायम गरिएको थियो ।

## ३.७ तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण प्रक्रिया

अध्ययन अनुसन्धानको गहन एवम् महत्वपूर्ण अङ्गको रुपमा तथ्याङ्क विश्लेषणलाई लिइन्छ । माध्यमिक  एवम् द्धितीय स्रोतबाट प्राप्त हुन आएका तथ्याङ्कलाई क्रमबद्ध रुपमा राखी विश्लेषण गर्ने कार्यलाई अध्ययन अनुसन्धानको मुटुको रुपमा लिइन्छ ।

सिरहा  जिल्लाका दुईवटा स्रोतकेन्द्रका ३/३ वटा विद्यालयका वि.व्य.स. अध्यक्ष, प्र.अ., शिक्षक, विद्यार्थीहरुसँग अन्तर्वार्ता, प्रश्नावली, कक्षाकोठाको अवस्था अवलोकन फारामबाट प्राप्त सूचनालाई तालिकीकरण गरी चरणवद्ध रुपमा व्याख्या विश्लेषण र प्रस्तुतीकरण गरिएको छ । साथै तथ्याङ्कलाई उपयुक्त शीर्षक एवम् उपशीर्षक अन्तर्गत राखी तिनको व्याख्या विश्लेषण गरिएको छ । तथ्याङ्कको व्याख्या एवम् विश्लेषणको लागि वर्णात्मक, विवरणात्मक तथा तथ्याङ्कशास्त्रीय पद्धतिको प्रयोग गरी अध्ययनको निष्कर्ष निकालिएको छ ।

# परिच्छेद : चार

# नतीजाको छलफल

अध्ययन अनुसन्धानको क्रममा मुख्य शोध प्रश्न र उद्देश्यका आधारमा प्राप्त भएको तथ्याङ्क र सूचनाहरुलाई सिलसिलावद्ध रुपमा प्रस्तुतीकरण र छलफल गरिएको छ । यस परिच्छेदमा खास गरी नमुना तथ्याङ्क दाताका रुपमा रहेका शिक्षक , प्र.अ., विद्यार्थी, स्रोतव्यक्ति, वि.व्य.स.का अध्यक्ष र विद्यालयको अवलोकनबाट प्राप्त सूचनालाई सिलसिलावद्ध प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । यसमा तपसीलमा लेखिएका शीर्षकहरु समावेश गरिएका छन् ।

## ४.१ माध्यमिक तहमा शिक्षकको वर्तमान अवस्था

विद्यालयमा विद्यार्थीको लागि सिकाइको उपयुक्त वातावरण निर्माण गर्ने मुख्य दायित्व शिक्षक को हो । विद्यार्थीलाई सिक्नका लागि उत्प्रेरित गर्न शिक्षक मा आधारभूत ज्ञान, सीप र धारणा आवश्यक पर्दछ । शिक्षण विधि तथा प्रविधिहरुमा आइरहने नयाँपनसँगं परिचित हुन विद्यार्थीलाई समयसापेक्ष ज्ञान दिन वाल मनोविज्ञानको प्रयोग गर्नु, योजना निर्माण, शैक्षिक सामग्रीको प्रयोग जस्ता कुरामा शिक्षक  तालिमले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । माध्यमिक  शिक्षक  तालिममा सिकेका सीपहरुको कक्षाकोठामा प्रयोगको अवस्था पहिचान गर्नु, छनोट गरिएका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ., स्रोतव्यक्ति, विद्यार्थी र शिक्षक संग अन्तर्वार्ता, प्रश्नावली र शिक्षक अवलोकन गरी त्यसबाट प्राप्त सूचना तथा तथ्याङ्कको प्रस्तुती, व्याख्या एवम् विश्लेषण यस प्रकार प्रस्तुत गरिएको छ :

### ४.१.१ तालिमका अनुभवहरुको अवस्था

अध्ययनको क्रममा नमुना छनोटमा परेका विद्यालयहरुको अध्ययन गर्दा अनुसूची १० अनुसार तालिम प्राप्त गरेका शिक्षक हरुको शैक्षिक अनुभवहरुलाई हेर्दा शैक्षिक जनशक्ति विकास केन्द्रबाट १० महिने माध्यमिक  शिक्षक  तालिम लिएका र शिक्षाशास्त्र संकाय तर्फ आई.एड. वा बी.एड. गरेका शिक्षक हरुको शैक्षिक तथा तालिम अनुभव ७ बर्ष देखि ३६ बर्षसम्म रहेको पाइयो । जस अन्तर्गत श्री.मा.वि

हकपारा का शिक्षिका शारदा कुमारी साहको ७ वर्ष र बाल मन्दिर मा.वि सिरहा शिक्षक शैलेन्द्र कुमार देवको ३६ बर्ष शैक्षिक तथा तालिमको अनुभव रहेको पाइयो ।

### ४.१.२ विद्यालयमा अध्ययनरत विद्यार्थीहरु सम्बन्धी विवरण

नमुना छनोटमा परेका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरु सम्बन्धी विवरण निम्न बमोजिम देखिन्छ :

विद्यालयमा अध्ययनरत विद्यार्थीहरु सम्बन्धी प्राप्त विवरणलाई हेर्दा सहरकेन्द्रित प्रा.वि.हरुमा विद्यार्थीहरुको सहभागिता न्यून रहेको र ग्रामीण भेगका विद्यालयहरुमा विद्यार्थीहरुको चाप बढी रहेको देखिन्छ । त्यसमा पनि सहरका प्रा.वि.हरुमा छात्राहरुको सहभागिता उच्च बाल मन्दिर मा.वि सिरहा ६३.०९% र मा.वि.सनहैठा.को ६३.११% देखिन्छ भने ग्रामीण भेगका विद्यालयहरुको अवस्थामा पनि छात्राहरुको सहभागिता बढी रहेको देखिन्छ । खास गरी मा.वि हकपारा सवभन्दा बढी ६५.९६% छात्रा रहेका छन् भने सबैभन्दा कम श्री.पु.म.श्रेष्ठ.मा.वि अर्नामा ५३.९४% छात्राहरु प्रा.वि. तहमा रहेको देखिन्छ ।

अध्ययनको क्रममा लिइएको अन्तर्वार्ताका आधारमा सहरी भेगमा पर्याप्त सामुदायिक विद्यालयहरु, संस्थागत विद्यालयहरु रहेकाले गरीब परिवारका वालवालिकाहरु मात्र सरकारी विद्यालयमा आउने गरेका देखिन्छन् । त्यसमा पनि छात्राहरुको सहभागितामा आमाबाबु साक्षर रहेको र शिक्षा प्रतिको दृष्टिकोणमा परिवर्तन आएकाले छात्रा सहभागिता बढी रहेको पाइयो ।

त्यसै गरी ग्रामीण भेगमा पर्याप्त मात्रामा सामुदायिक र संस्थागत विद्यालयहरु नरहेकाले विद्यार्थीहरुको चाप बढी रहेको छ । शिक्षाप्रति चासो बढ्नु, प्रा.वि. शिक्षा निःशुल्क रहेकोले ग्रामीण भेगका विद्यालयहरुमा विद्यार्थीहरुको सहभागिता बढी रहेको देखिन्छ ।

### ४.१.३ शिक्षक व्यवस्थापनको अवस्था

श्री.च.मा.वि सिरहा स्रोतकेन्द्र र मा.वि.सन्हठा स्रोतकेन्द भित्र छनोटमा परेका विद्यालयहरुमा सिकाइ कार्य संचालन गर्ने कार्यमा तालिमबाट प्राप्त ज्ञान र सीप शिक्षक व्यवस्थापनमा कति सम्बन्धित छ भन्ने सम्बन्धमा कक्षा अवलोकन र

अन्तर्वार्ताबाट जानकारी लिइएको थियो । शिक्षक व्यवस्थापनका सम्बन्धमा कक्षा अवलोकनबाट प्राप्त जानकारीलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. ३**

**शिक्षक व्यवस्थापनको विवरण**

| क्र.सं. | सूचकहरु | MSC परीक्षण R:PP | | | |
|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | निम्न | जम्मा |
| १. | भवनको अवस्था | २ | ३ | १ | ६ |
| २ | कक्षाकोठाको भौतिक वातावरण | M | ६ | - | ६ |
| ३. | कक्षाकोठाको सरसफाई | १ | ३ | २ | ६ |
| ४. | शैक्षिक सामग्रीको व्यवस्थापन | - | १ | १ | ६ |
| ५. | फर्निचर व्यवस्थापन | १ | ४ | १ | ६ |
| ६. | कालोपाटी | ६ | - | - | - |
| ७. | कक्षाकोठाको सजावट | १ | १ | ४ | ६ |
| ८. | विद्यार्थीको बसाइ | १ | ५ | - | ६ |
| ९. | कक्षाकोठाको सिकाइ वातावरण | - | ६ | - | ६ |

(स्रोत : स्थलगत सर्वेक्षण (२०७३)

माथिको तालिकाको आधारमा हेर्दा नमुना छनोट गरिएका विद्यालयहरु मध्ये सबै विद्यालयको भवन पक्की रहेको पाइयो । कक्षाकोठामा हावा र प्रकाशको व्यवस्था प्रत्येक विद्यालयमा राम्रो रहेको पाइयो । जस मध्ये ३ वटा विद्यालयको भवनको अवस्था मध्यम र एउटाको निम्न पाइयो । ६ वटै विद्यालयको कक्षाकोठाको भौतिक वातावरण मध्यम खालको पाइयो । १ वटा विद्यालयको सरसफाईको मात्रा उत्तम र २ वटा विद्यालयको निम्न पाइयो । ४ वटा विद्यालयको शैक्षिक सामग्रीको व्यवस्थापन उत्तम र १ वटा विद्यालयको निम्न देखियो । ६ वटै विद्यालयको कालोपाटी व्यवस्थापन उत्तम पाइयो । ४ वटा विद्यालयको कक्षाकोठाको सजावट निम्न पाइयो । विद्यार्थीको बसाइ १ वटा विद्यालयको उत्तम र ५ वटा विद्यालयको मध्यम खालको पाइयो । कक्षाकोठाको सिकाइ वातावरण ६ वटै विद्यालयको मध्यम किसिमका पाइयो । कक्षाकोठाको व्यवस्थापन नमुना छनोटमा परेका विद्यालयको शिक्षक व्यवस्थापन मध्यम किसिमको रहेको पाइयो ।

### ४.१.४ शैक्षिक सामग्रीको छनोट र प्रयोगको अवस्था

शिक्षण सिकाइ क्रियाकलापमा शैक्षिक सामग्रीहरुको महत्व आफैंमा उच्च हुन्छ । स्थानीय सामग्रीहरुको संकलन, उपयोग र संरक्षण गरी शैक्षिक सामग्री निर्माण गर्न शिक्षक हरुमा सीप, खुबी र रुचीको साथै सिर्जनशीलता र मौलिकता भन्ने भावना हुनु जरुरी हुन्छ । शिक्षणलाई प्रभावकारी र बढी रोचक बनाउन विभिन्न खालका सामग्रीहरु प्रयोग गरिन्छ । ती सामग्रीहरुले सिकाइलाई सरल र सहज बनाउन मद्दत गर्दछ । कुनै पनि विषयवस्तुसँगको धारणा विकास गर्न, सिकाइ प्रति अभिरुची बढाउन शैक्षिक सामग्रीले महत्वपूर्ण भूमिका खेल्दछ । शैक्षिक सामग्रीहरु मुद्रित, श्रव्य सामग्री, दृश्य सामग्री र श्रव्य दृश्य सामग्री गरी मूलतः चार प्रंकारका हुन्छन् । जसलाई कक्षाकोठामा प्रयोग गर्दा विद्यार्थीहरुको सिकाइ अर्थपूर्ण बनाई शिक्षण गर्न सजिलो बनाउँछ । शैक्षिक सामग्री छनोट र प्रयोगको अवस्था निम्न बमोजिमको तालिकामा प्रस्तुत गर्न सकिन्छ :

**तालिका नं. ४**

**शैक्षिक सामग्रीको छनोट र प्रयोगको अवस्था**

| क.सं. | शैक्षिक सामग्री | उत्तम | मध्यम | निम्न | जम्मा |
|---|---|---|---|---|---|
| १. | शैक्षिक सामग्रीको प्रयोग | ३ | ६ | ३ | १२ |
| २. | सामग्रीको उचित प्रयोग | २ | ८ | २ | १२ |
| ३. | आकर्षक र स्पष्ट | १ | ४ | ६ | १२ |
| ४. | सामग्रीको प्रयोगमा तालमेल | ३ | ४ | ५ | १२ |
| ५. | सबैले देख्न सक्ने | १ | ८ | ३ | १२ |

(स्रोत : विद्यालय सर्वेक्षण, २०७३)

६ जना शिक्षक हरुको कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था मध्यम र ३-३ जना शिक्षक को कक्षा शिक्षण उत्तम र निम्न रहेको पाइयो । ८ जना शिक्षक ले मध्यम र २-२ जनाले निम्न रुपमा शैक्षिक सामग्रीको उचित प्रयोग गरेको पाइयो ।

विद्यालयमा शैक्षिक सामग्रीको पर्याप्त अभाव रहेकोले विद्यालयमा उपलब्ध शैक्षिक सामग्रीको नै कक्षा शिक्षणमा शिक्षक हरुले आ-आफ्नो क्षमता अनुसार प्रयोग गरेको पाइयो । शिक्षण सिकाइको लागि शैक्षिक सामग्री अति आवश्यक रहे पनि विद्यालयको आर्थिक समस्याको कारण चाहे जति सामग्री उपलब्ध गराउन र व्यवस्थापन गर्न नसकेको पाइयो ।

अध्ययनका लागि छनोट गरिएका विद्यालयबाट नमुनाका रुपमा शिक्षक हरुको कक्षाकोठामा शैक्षिक सामग्रीहरुको छनोट र प्रयोगको अवस्था अवलोकन गर्दा सन्तोषजनक पाइएन । अर्थात् शैक्षिक सामग्रीको छनोट र प्रयोगको अवस्था मध्यम खालको पाइयो ।

### ४.१.५ शिक्षक व्यवस्थापनमा प्र.अ.को अनुशासन कायम

शिक्षक व्यवस्थापनमा शिक्षक र प्र.अ. जिम्मेवार पक्ष मानिन्छ । प्र.अ. विद्यालयको प्रमुखका हैसियतले पनि कक्षाकोठाको व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ । समय समयमा विद्यालयको सरसफाई, सजावट, शैक्षिक सामग्रीको व्यवस्था तथा भौतिक पूर्वाधारहरुको व्यवस्थापनमा उल्लेखनीय भूमिका निर्वाह गर्नुपर्दछ । त्यसकारण कक्षाकोठाको व्यवस्थापनमा प्र.अ.ले प्रस्तुत गरेका धारणाहरु निम्न बमोजिम देखिन्छ :

**तालिका नं. ५**

**शिक्षक व्यवस्थापनमा प्र.अ.को धारणा सम्बन्धी विवरण**

| क.सं. | विद्यालय | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|
| १. | श्री.च.मा.वि सिरहा श्री.च.मा.वि सिरहा | | १ | |
| २. | श्री.मा.वि बालमन्दिर सिरहा | | १ | |
| ३. | श्री.ब.झ.ज.मा.वि माडर, सिरहा | | १ | |
| ४. | श्री मा.वि.सन्हैठा | | | १ |
| ५. | श्री.पु.म.श्रेष्ठ.मा.वि अर्नामा | | | १ |
| ६. | श्री मा.वि.हकपारा | | | १ |

(स्रोत : विद्यालय सर्वेक्षण, २०७३)

माथिको तालिकालाई हेर्दा अध्ययनको छनोटमा परेका सम्पूर्ण विद्यालयका प्र.अ.हरुसंग प्रत्यक्ष भेटघाट गरी शिक्षक व्यवस्थापनको बारेमा अध्ययन गर्दा सन्तोषजनक अवस्था नपाइएको देखिन्छ । ६ जना प्र.अ. मध्ये ४ जनाको अनुसार माध्यमिक विद्यालयमा कक्षामा अनुशासन कायम, वाल सहभागितामा वृद्धि गर्नका लागि अभिभावक र शिक्षक को भूमिका देखिन्छ ।

छनोटमा परेका विद्यालय मध्ये ३ वटा विद्यालयमा कक्षाकोठाको व्यवस्थापन मध्यम खालको पाइयो भने ३ वटा विद्यालयको कक्षाकोठाको व्यवस्थापन निम्न पाइयो ।

श्री.च.मा.वि सिरहा श्री.मा.वि बालमन्दिर सिरहा र श्री.ब्र.फ्र.ज.मा.वि माडर सहरमुखी विद्यालय रहेकाले शैक्षिक सामग्री समयमा उपलब्ध भएको, शिक्षक व्यवस्थापनमा शिक्षक र प्र.अ.ले ध्यान दिएको छ । तर ग्रामीण भेगका ३ वटा मा.वि. मा.वि.सन्हैठा, श्री.पु.म.श्रेष्ठ.मा.वि अर्नामा र श्री.मा.वि हकपारा रहेकोले समयमा शैक्षिक सामग्री उपलब्ध नभएका कारण यी विद्यालयहरुको शिक्षक व्यवस्थापन पक्ष न्यून रहेको देखिन्छ ।

शिक्षक व्यवस्थापनमा प्र.अ.को धारणालाई हेर्दा आर्थिक समस्या, शैक्षिक सामग्री समयमा उपलब्ध नहुनाले कक्षाकोठाको व्यवस्थापन संतोषजनक नपाइएको देखिन्छ ।

### ४.१.६ शिक्षक व्यवस्थापन

अनुसन्धानको क्रममा नमुना छनोटमा परेका ६ वटा विद्यालयका विद्यार्थीहरुसंगको प्रश्नावली र अर्न्तवार्ताका क्रममा प्राप्त तथ्याङ्क, सूचना एवम् जानकारीहरुलाई विश्लेषण गर्दा विद्यालयको कक्षाकोठा व्यवस्थापनमा संतुष्ट नरहेको बताए । अध्ययनमा प्राप्त सूचनाअनुसार कतिपय कक्षाकोठाहरु सानो, अँध्यारो, नयाँ भवन बनाउन पनि ठाउँको अभाव रहेको विचार विद्यार्थीहरुले व्यक्त गरे ।

उनीहरुको विचारमा विद्यालयमा पर्याप्त भौतिक सुविधा नभएको, कक्षाकोठामा उपयुक्त व्यवस्थापन नभएको, शैक्षिक सामग्री पर्याप्त नभएकोले अध्ययन अध्यापन कार्यमा असुविधा महसुस गरेको पाइयो । कक्षाकोठाको व्यवस्थापनमा कक्षाकोठाको वसाइ व्यवस्थापनमा ध्यान नदिइएको, विद्यार्थीको समस्यासंग प्र.अ. घुलमिल र परिचित हुन नसकेको देखिन्छ । यसरी हेर्दा शिक्षक र प्र.अ.ले विद्यालयमा शैक्षिक वातावरण बनाउन प्रयास गरे पनि ती विद्यालयहरुमा पर्याप्त नभएको पाइयो । गर्मीयाममा कक्षाकोठामा धेरै गर्मी लाग्ने गरेको, पंखाको व्यवस्था नभएको र कक्षाकोठाको सरसफाई कहिलेकाही नहुने गरेको बताए ।

### ४.१.७ शिक्षक व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको अध्यक्षको धारणा

कुनै पनि विद्यालय व्यवस्थापन प्रति अभिभावक, विद्यालय व्यवस्थापन समिति र स्थानीय सरोकारवाला परिचित हुनु आवश्यक छ । यस अध्ययनको क्रममा नमुना छनोटमा परेको विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुसंग गरिएको प्रश्नावली एवं अन्तर्वार्ताका क्रममा प्राप्त सूचनालाई विश्लेषण गर्दा तालिम प्राप्त शिक्षक हरुले

तालिममा सिकेका ज्ञान सीपलाई केही मात्रामा विद्यालयमा प्रयोग गरे तापनि पर्याप्त आर्थिक, सामाजिक सहयोग र अनुदानको कमीले कक्षाकोठाको व्यवस्थापन फितलो देखिन्छ । जुन रुपमा हुनु पर्ने हो सो नभएको बताए । तर विद्यालयको लागि आवश्यक परेको खण्डमा समिति र अभिभावकले विद्यालयलाई चाहिने जति सहयोग गरीरहेको बताए ।

यिनीहरुले नियमित रुपमा विद्यालयको गतिविधिलाई हेर्ने, कहिलेकाहीँ छड्के जाँच गरी विद्यालयको निरीक्षण पनि गर्ने गरेको बताए ।विद्यालयको भौतिक अवस्था मध्यम रहेको बताए । कक्षाकोठाको आकार पनि ठिकै रहेको बताए । कुनै कुनै विद्यालयमा शिक्षक पर्याप्त मात्रामा रहेको पाइयो ।

बाल मन्दिर मा.वि सिरहा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बुध नारायण यादवले विद्यार्थीहरुलाई बस्न सजिलो, सफा सुग्घर तथा सिकाइमा सहयोग पुग्ने खालको कक्षाकोठाको व्यवस्थापनको अपेक्षा राखेको बताए । त्यसै गरी म.वि.सनहैठा.को अध्यक्ष गोपाल यादव विचारमा तालिमको क्रममा सिकेको ज्ञान सीप कक्षामा शिक्षक ले सन्तोषजनक रुपमा प्रयोग गरेको बताए ।

### ४.१.८ शिक्षक व्यवस्थापनमा शिक्षक हरुको धारणा

यस अध्ययनको क्रममा नमुना छनोटमा परेका १२ जना तालिम प्राप्त शिक्षक हरुसंग प्रश्नावली र अन्तर्वार्ताका आधारमा सूचना संकलन गर्दा कक्षाकोठाको व्यवस्थापनमा आफूले सिकेको ज्ञान, सीप र अनुभवलाई कक्षाकोठामा केही मात्रामा लागु गरे पनि पूर्ण रुपमा लागु गर्न सकिएको छैन । ग्रामीण भेगका ३ वटा प्रा.वि.हरुका ६ जना शिक्षक हरुले विद्यालयमा पर्याप्त भौतिक सुविधाहरु नहुनु, शैक्षिक सामग्रीहरुको अभाव र गाउँघरको राजनीतिक वातावरणले कक्षाकोठाको व्यवस्थापनमा प्रभाव परेको बताए ।

श्री.पु.म.श्रेष्ठ.मा.वि अर्नामा शिक्षिक मदन कुमार यादवले विद्यार्थीको बसाइ, कक्षाकोठाको सरसफाई र कक्षाकोठाको क्रियाकलापमा ध्यान दिई शिक्षक व्यवस्थापन गर्ने गरेको बताइन् ।

यस प्रकार यी विद्यालयहरुमा शिक्षक व्यवस्थापन र शिक्षक को तालिमलाई कक्षामा प्रयोग गर्न विद्यालयमा केही मात्रामा शैक्षिक सामग्री, सरसफाई, विद्यार्थीको बसाइ,

कक्षाकोठाको क्रियाकलाप, सामग्रीको प्रस्तुतीकरण र व्यवस्थापनमा रा.प्रा.वि. खैरसाल र रा.प्रा.वि. जनजागरण ईटहर्वाका शिक्षक शिक्षिकाहरुले ध्यान दिइएको पाइयो ।

### ४.१.९ कक्षाकोठाको सिकाइ वातावरण व्यवस्था सम्बन्धी विद्यार्थीको विवरण

शिक्षक व्यवस्थापनको महत्वपूर्ण पक्ष विद्यार्थी भएकोले शिक्षण सिकाइ क्रियाकलापलाई सफल पार्न विद्यार्थीहरुको सहभागिता महत्वपूर्ण मानिन्छ । त्यसकारण विद्यार्थीहरुलाई भयरहित वातावरण र वालमैत्री सिकाइ अनुसार कक्षाकोठाको व्यवस्थापनमा सक्रियता देखाउनुपर्दछ । कक्षाकोठाको सिकाइ वातावरण सम्बन्धी विद्यार्थीहरुले व्यक्त गरेका विचारहरु निम्न अनुसार देखिन्छ ।

**तालिका नं. ६**

**कक्षाकोठाको सिकाइ वातावरण व्यवस्था सम्बन्धी विद्यार्थीहरुको विवरण**

| क्र.सं. | विवरण | विद्यार्थी संख्या | प्रतिशतमा |
|---|---|---|---|
| १. | भयरहित शिक्षण पद्धति | ४ | १६.६७ |
| २. | सहभागितामूलक सिकाइ | ६ | २५.०० |
| ३. | विभेदरहित वातावरण | ५ | २०.८३ |
| ४. | वालमैत्री शिक्षण व्यवहार | ५ | २०.८३ |
| ५. | क्रियाकलापमुखी सिकाइ | ४ | १६.६७ |
| | **जम्मा :** | **२४** | **१००** |

(स्रोत : स्थलगत सर्वेक्षण, २०७३)

माथिको तालिकालाई हेर्दा १६.६७% विद्यार्थीहरुको विचारमा भयरहित वातावरणमा शिक्षण र क्रियाकलापमुखी सिकाइ हुने गरेको देखिन्छ । २५% विद्यार्थीहरुको विचारमा सहभागितामूलक सिकाइ विद्यालयमा हुने गरेको छ ।

यस अध्ययनमा समावेश विद्यार्थीहरुलाई अन्तर्वार्ता र प्रश्नावलीका आधारमा सोधपूछ गर्दा माथि उल्लेखित विभिन्न किसिमको विवरणहरु पाइयो । २०.८३% विद्यार्थीहरुका विचारमा विभेदरहित वातावरणमा शिक्षण सिकाइ हुने गरेको र वालमैत्री शिक्षण पद्धतिअनुसार विद्यालयमा शिक्षण हुने गरेको देखिन्छ ।

शिक्षण सिकाइको लागि उचित ढंगले पढौ पढौं लाग्ने कक्षा वातावरणको आवश्यकता पर्दछ । कक्षाकोठामा भयरहित वातावरण, सहभागितामूलक सिकाइ, बालमैत्री व्यवहार,

क्रियाकलापमुखी सिकाइ नभएसम्म शिक्षण सिकाइ प्रभावकारी हुन सक्दैन । त्यसकारण यस अध्ययनको क्रममा विद्यार्थीहरुले प्रष्ट विचार व्यक्त गरेका छन् ।

विद्यालयमा सिकाइ वातावरण मध्यम खालको रहेको पाइयो । जसमा सहभागितामूलक, वालमैत्री र भयरहित वातावरण भित्र शिक्षण गरिएको पाइयो ।

## ४.२ माध्यमिक तहमा शिक्षक व्यवस्थापनमा शिक्षकले भोग्नु परेका समस्याहरु

बालकको सर्वाङ्गीण विकासका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षा सिकाइ क्रियाकलापमा आधारित हुन्छ । सिकाइ तव मात्र सफल हुन्छ जब कक्षाकोठामा उपयुक्त वातावरण हुन्छ । वर्तमान अवस्थामा वाल प्रतिभा प्रस्फुटन गर्न, वाल अधिकारको संरक्षण गर्न उचित कक्षाकोठाको व्यवस्थापन विद्यालयहरुले गर्न सकिरहेका छैनन् । शिक्षक ले विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन नसक्नुमा शिक्षक व्यवस्थापन पनि एक हो । शिक्षक व्यवस्थापनमा आर्थिक समस्या, शैक्षिक सामग्रीको अभाव, समन्वयको कमी, राजनैतिक अस्थिरता, नीतिगत व्यवस्था लगायत समाजको विविधता जस्ता समस्याहरुले उचित शिक्षक व्यवस्थापन हुन सकिरहेको छैन । यस अधययनमा विभिन्न पक्षहरुसंग अन्तर्वार्ता, अवलोकन, प्रश्नावलीका आधारमा शिक्षक ले शिक्षक व्यवस्थापनमा भोगेका समस्याहरुलाई निम्न अनुसार व्याख्या गरिएको छ ।

### ४.२.१ आर्थिक समस्या

विद्यालयमा सरकारी तर्फबाट निश्चित रकम मात्र उपलब्ध हुने गर्दछ । माध्यमिक शिक्षा निःशुल्क रहे पनि पर्याप्त मात्रामा आर्थिक सहयोग प्राप्त नभएकोले शिक्षण सिकाइमा यसको प्रत्यक्ष असर देख्न सकिन्छ । अर्थात् आर्थिक समस्याले गर्दा शिक्षक व्यवस्थापनमा समस्या देखिएको हो । ग्रामीण भेगका विद्यालयहरु श्री.मा.वि हकपारा , श्री.पु.म.श्रेष्ठ.मा.वि अर्नामा ईटहर्वा र मा.वि.सन्हैठा. मा.वि.सन्हैठा मा विद्यार्थी संख्याका आधारमा शिक्षक को दरबन्दी कम हुनु र विद्यालयको आर्थिक आम्दानी पर्याप्त नभएकोले निजी स्रोतबाट शिक्षक  राख्ने क्षमता नहुनु आर्थिक समस्या हो ।

आर्थिक समस्याले गर्दा कक्षाकोठामा पर्याप्त शैक्षिक सामग्रीको अभाव हुनु, विद्यार्थीहरुको लागि बेन्च डेस्क अभाव हुनु, नयाँ नयाँ सामग्री किन्न नसक्नुका साथै विद्यालयमा गर्मीको समयमा बिजुली पंखाको व्यवस्था नहुँदा गर्मीमा विद्यार्थीहरु पढ्न

बाध्य छन् । त्यसकारण आर्थिक समस्याले गर्दा कक्षाकोठाको व्यवस्थापनमा समस्या देखिएको हो । शिक्षक ले बहुकक्षा शिक्षण गर्न बाध्य हुनु, पर्याप्त खेल्ने चौर, शौचालय, चमेनागृह, शिक्षक भवन आदिको अभाव हुनु आर्थिक सम्बन्धी समस्या हो ।

### ४.२.२ राजनीतिक अस्थिरता

देशको राजनीतिक अवस्थाले चौतर्फी पक्षलाई प्रभाव पार्दछ । जसमध्ये शिक्षा पनि एउटा प्रभावित क्षेत्र हो । देशको राजनीतिक अस्थिरताले गर्दा समयमा शिक्षक ले तलव नपाउनु, विद्यालयका लागि अन्य अनुदान उपलब्ध नहुनु, शैक्षिक सामग्री उपलब्ध नहुनु र समयमा पाठ्यपुस्तक उपलब्ध नहुनुले विद्यालय व्यवस्थापनमा समस्या देखिएको हो । साथै स्थानीय ठाउँको राजनीतिक गतिविधिले पनि विद्यालय प्रभावित भएको हो । स्थानीय गाउँका राजनीतिककर्मीले विद्यालयलाई भोज भतेरको ठाउँ बनाउने, राजनीतिक सम्मेलनहरु समेत गर्ने गरेकाले विद्यालयको पठन पाठन समेत प्रभावित भएको देखियो ।

खास गरी ग्रामीण क्षेत्रका विद्यालयहरु श्री.मा.वि हकपारा, श्री.पु.म.श्रेष्ठ.मा.वि अर्नामा ईटहर्वा र मा.वि.सन्हैठा मा.वि.सन्हैठा मा स्थानीय गाउँले समाजका व्यक्तिहरुले विवाहमा जन्ती बसाउने र बेन्च डेस्क प्रयोग गर्नाले कक्षाकोठाको व्यवस्थापनमा समस्या देखा परेको पाइयो ।

सरकारले नीतिगत कुरालाई व्यवहारमा लागु गरेको छैन । केही मात्रामा वार्षिक बजेट दिए पनि सही सदुपयोग भएको छैन । राजनीतिक व्यवस्था ठिक नभएकोले विद्यालय व्यवस्थापनमा समस्या देखिएको छ ।

विद्यालयका प्र.अ. शिक्षक हरुसँग अन्तर्वार्ता र कुराकानी गर्दा राजनीतिक अवस्था विद्यालयभित्र स्थानीय अभिभावकले र देशको अवस्थामा अस्थिरता रहेकोले विद्यालय व्यवस्थापनमा समस्या परेको हो ।

### ४.२.३ समन्वयको कमी

नमुना छनोटमा परेको विद्यालयहरुको अवलोकन, शिक्षक, प्र.अ. र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लगायत विद्यालयप्रति चासो राख्ने सरोकारवालाहरुसँग कुराकानी र अन्तर्वार्ता लिदा विद्यालय र विद्यालय बीच मेलमिलाप र समन्वयको कमी रहेको पाइयो । विद्यालयहरुमा कसरी शिक्षण व्यवस्थापन भए ? कुन कुन विधि लागु

गरिए ? शिक्षण सिकाइको लागि कस्तो वातावरण सृजना गरिएको छ ? जस्ता महत्वपूर्ण सूचनाहरु विद्यालयहरुले आपसमा आदान प्रदान नगरेको पाइयो ।

स्रोतकेन्द्रमा स्रोतव्यक्ति रहे पनि स्रोतकेन्द्रका विद्यालयहरु बीच राम्रो सम्बन्ध नरहेको देखिन्छ । स्रोतव्यक्ति र विद्यालय निरीक्षकले कहिलेकाही विद्यालय निरीक्षण गरे पनि विद्यालयको कक्षा व्यवस्थापन र कक्षा संचालनमा खासै सहयोग नगरेको कुरा ग्रामीण भेगका शिक्षक र प्र.अ.ले बताए । जिल्ला शिक्षा कार्यालय र विद्यालय बीचमा खासै सम्बन्ध नरहेको पाइयो । अर्थात् विद्यालय र अन्य विभिन्न पक्षहरु बीच समन्वयको कमी देखिएकोले शिक्षक व्यवस्थापनमा समस्या देखा परेको हो । विद्यालय विद्यालय बीचको प्र.अ. शिक्षक हरु बीच छलफल, अन्तर्क्रिया र समन्वयको कमी रहेको पाइयो ।

### ४.२.४ स्थानीय सरोकारवालाहरुको सहभागितामा कमी

अध्ययनको क्रममा प्र.अ., शिक्षक , विद्यार्थीहरु संग प्रश्नावली, अन्तर्वार्ता र अवलोकन गर्दा स्थानीय सरोकारवाला अभिभावक जस्ता अन्य बुद्धिजीवीहरुको सहभागिता न्यून रहेको पाइयो । किनकी स्थानीय स्तरमा ग्रामीण स्तरका अभिभावकहरुको बालवालिका विद्यालयमा नभएको बताएका छन् भने सहरी स्तरका अभिभावकहरुको बालबालिकाहरु निजी संस्थागत विद्यालयमा भर्ना भएका छन् । सरकारी विद्यालयमा गरिब र निमुखा जनताका वालवालिकाहरु अध्ययन गर्ने गरेका बताए । त्यसकारण स्थानीय सरोकारवाला समाजसेवी अभिभावक, बुद्धिजीवी र संघ संस्थाहरुको विद्यालयमा सहभागिता कम रहेकोले विद्यालय व्यवस्थापनमा समस्या देखा परेको हो ।

जे जति अभिभावकका विद्यार्थीहरु विद्यालयमा अध्ययन गर्दछन्, उनीहरुको अभिभावकहरुले वालवालिकाहरुलाई समयमा आवश्यक शैक्षिक सामग्री उपलब्ध गराउदैनन्, घरमा गृहकार्य गरे नगरेको ध्यान दिदैनन्, विद्यालयमा जे जति सिकाइन्छ त्यो भन्दा बढी केही देखिदैन । विद्यार्थीहरु नियमित विद्यालय आए नआएकोमा ध्यान नदिएको देखिन्छ । तसर्थ विद्यार्थीहरु माथि अभिभावकले ध्यान नदिंदा शैक्षिक व्यवस्थापन गर्न समस्या देखा परेको हो ।

स्थानीय अभिभावकहरुले शिक्षालाई महत्व नदिनु, विद्यार्थीहरुलाई घरमा सिक्ने वातावरण तयार नगर्नु, विद्यार्थीहरुलाई नियमित कक्षा र विद्यालय सहभागितामा

सक्रियता नदेखाउनु, विद्यालयमा रहेको आफ्ना छोराछोरीप्रति पूर्णजवाफदेहिता र जिम्मेवारी नदेखाउने कारणले कक्षाकोठाको व्यवस्थापनमा समस्या देखा परेको हो ।

### ४.२.५ शैक्षिक तथा प्रशासनिक समस्या

नमुना छनोटमा परेका विद्यालयहरुको अध्ययन गर्दा सहरी क्षेत्रका र ग्रामीण क्षेत्रका विद्यालयहरुमा प्रशासनिक र शैक्षिक समस्याहरु रहेको पाइयो । शैक्षिक सामग्रीको कमी, शिक्षक हरु पेशाप्रति आकर्षित नहुनु, विद्यालयमा उपयुक्त शैक्षिक वातावरण नहुनु, सहरी क्षेत्रका विद्यालयहरुमा विद्यार्थी भर्ना कम हुनु, विद्यार्थीको प्रगति विवरण मासिक, साप्ताहिक रुपमा अभिभावक कहाँ नपठाउनु, निरन्तर मूल्यांकन प्रणाली नअपनाउनु, विद्यार्थीहरुको अन्य विभिन्न अभिलेखहरु नराख्नु, विद्यार्थीकेन्द्रित तथा अन्तरक्रियाकेन्द्रित विधिद्धारा पठनपाठन नहुनु, खेल मैदानको कमी, अतिरिक्त र मनोरंजनात्मक क्रियाकलाप संचालन नहुनु, विद्यालयमा बार्षिक शैक्षिक योजना, शिक्षक ले शैक्षिक पाठयोजना बनाई शिक्षण नगर्नु जस्ता शैक्षिक तथा प्रशासनिक समस्याहरु विद्यालयहरुमा रहेको पाइयो । शैक्षिक काम काजहरु चुस्त दुरस्त नरहेको पाइयो ।

### ४.२.६ विद्यार्थीहरुको विविधता

कुनै पनि समाज विविधतायुक्त अवस्थामा रहेको हुन्छ र सोही समाजका वालवालिकाहरु विद्यालयमा आउने गरेकोले विद्यालयमा कक्षाभित्र विविधता युक्त वातावरण आफै निर्माण हुन्छ । एउटा कक्षामा विभिन्न जात, धर्म, भाषा, उमेर, संस्कृति र परिवारका बालबालिकाहरु हुने गर्दछन् । त्यस्तो अवस्थामा शिक्षक लाई शिक्षक व्यवस्थापनमा निकै नै समस्या भोग्नु परेको अवस्थाहरु पाइयो । त्यसमा पनि ग्रामीण भेगका प्रा.वि.हरुमा खास गरी मातृभाषामा शिक्षण नहुँदा विद्यार्थीहरुलाई भाषागत विविधताले कक्षाकोठाको व्यवस्थापनमा समस्या देखा परेको पाइयो ।

कक्षाकोठामा फरक-फरक बौद्धिकता, उमेर र भाषाका विद्यार्थीहरु बस्नाले धेरै विद्यार्थीहरुले शिक्षक को भाषा नबुझेको बताए । यस्तो विविधतायुक्त कक्षाकोठाको वातावरण सृजना हुन शिक्षण क्रियाकलाप संचालन गर्न कुनै पनि शिक्षक लाई समस्या पर्दछ । त्यसकारण कक्षाकोठाको अवस्थामा विद्यार्थीहरुको विविधताले कक्षाकोठाको व्यवस्थापनमा समस्या देखा परेको हो ।

### ४.२.७ बहुकक्षा शिक्षण प्रणाली

यस अध्ययनको क्रममा नमुना छनोटको रुपमा परेका विद्यालयहरुको अध्ययन गर्दा ग्रामीण र सहरी क्षेत्रका विद्यालयहरुमा विभिन्न कारणले बहुकक्षा शिक्षण प्रणालीद्धारा शिक्षण हुने गरकोले विद्यालयको कक्षा व्यवस्थापनमा समस्या देखा परेको पाइन्छ । ग्रामीण भेगमा विद्यार्थीहरु भर्ना दरको आधारमा शिक्षक को दरबन्दी नहुनु, विद्यालयलाई निजी स्रोतबाट शिक्षक  राख्ने क्षमता नहुनु जस्ता कारणले विद्यालयमा बहुकक्षा शिक्षण प्रंणाली लागु रहेको कुरा श्री.पु.म.श्रेष्ठ.मा.वि अर्नामाका शिक्षक  श्री रविलाल खंग बताउनु हुन्छ । त्यसै गरी सहरी क्षेत्रमा रहेको विद्यालयहरुमा पनि शिक्षक हरु विद्यालयमा नियमित रुपमा नआउनु, अन्य शिक्षक हरु अनुपस्थित रहेकोले सो शिक्षक को कक्षा समेत संचालन गर्नु पर्ने वाध्यता भएकोले बहुकक्षा शिक्षण प्रणाली विद्यालयमा लागु गरिएको पाइयो । त्यसकारण कक्षाकोठाको व्यवस्थापनमा समस्या देखा परेको पाइयो ।

कतिपय विद्यालयहरुमा बहुकक्षा शिक्षण खुशीले होइन बाध्यताबस गरिएको पाइयो । शिक्षा ऐन नीति नियमअनुसार विद्यालयमा शिक्षक को दरबन्दी नहुनु र विद्यालयका सबै कक्षाहरु संचालन गर्नु पर्ने बाध्यता प्र.अ. र शिक्षक हरुलाई भएकाले बहुकक्षा शिक्षणद्धारा पठन पाठन गर्नु परेको कुरा मा.वि.सन्हैठा.का प्र.अ. उपन्द्र प्रसाद यादवले बताउनु
भयो । यस प्रकार यी विद्यालयहरुमा बहुकक्षा शिक्षणद्धारा शिक्षण गर्नु शिक्षक व्यवस्थापनमा समस्या देखा परेको हो ।

### ४.२.८ विद्यार्थी केन्द्रित विधिद्धारा शिक्षण नहुनु

विद्यालयहरुको अध्ययन अनुसन्धान गर्ने क्रममा विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरुसँग अन्तर्वार्ता र प्रश्नावलीको प्रयोग गरी शिक्षक व्यवस्थापनमा देखिएका समस्याहरुको बारेमा सोधपुछ गर्दा बाल मन्दिर मा.वि सिरहा  विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बुध नारायण यादवका अनुसार विद्यालयका शिक्षक हरुले कक्षाकोठाको व्यवस्थापनमा बालकेन्द्रित तथा अन्तरक्रियाकेन्द्रित विधिहरुको प्रयोग नहुनु, कक्षाकोठामा शिक्षक  जाँदा पूरा समय व्यतित नगरेको, कक्षाकोठाको व्यवस्थापनमा शिक्षक  र विद्यार्थी दुवैको सक्रिय सहभागिता नरहेको, शिक्षक व्यवस्थापन समय समयमा हेरफेर नगरी नयाँपन ल्याउन कठिनाई रहेको र शिक्षक

हरुमा सकारात्मक प्रवृत्तिमा कमी रहेकोले कक्षाकोठाको व्यवस्थापनमा समस्या देखा परेको हो ।

त्यसै गरी मा.वि.सनहैठा.का अध्यक्ष श्री गोपाल यादवका अनुसार विद्यालयमा भौतिक समस्याको कमीले शिक्षक व्यवस्थापनमा समस्या देखा परेको हो । श्री.पु.म.श्रेष्ठ.मा.वि अर्नामाका अध्यक्ष श्री अरुण कुमार यादवका अनुसार शिक्षक र फर्निचरको समस्या रहेकोले विद्यार्थीकेन्द्रित विधि र अन्तरक्रियाकेन्द्रित विधिद्धारा शिक्षण हुन नसकेकोले कक्षाकोठाको व्यवस्थापनमा समस्या देखा परेको हो । यी विभिन्न अवस्थामा विभिन्न कारणले विद्यालयहरुमा विद्यार्थीकेन्द्रित शिक्षण विधिद्धारा शिक्षण नहुनाले विद्यालयको कक्षाकोठाको व्यवस्थापनमा समस्या देखा परेको पाइयो ।

## ४.३ माध्यमिक तहमा शिक्षक व्यवस्थापनमा देखिने समस्याहरुको समाधानका उपायहरु

माध्यमिक विद्यालयका शिक्षक व्यवस्थापनमा विभिन्न किसिमका समस्याहरु देखा परेका छन् । जसमध्ये खास गरी आर्थिक समस्या, नीतिनियमको अभाव, समन्वयको कमी, सरोकारवालाको न्यून सहभागिता, राजनीतिक अस्थिरता, शैक्षिक र प्रशासनिक समस्या, विद्यार्थीहरुको विविधता, बहुकक्षा शिक्षण प्रणाली, शैक्षिक सामग्रीहरुको अभाव, विद्यार्थीकेन्द्रित विधिद्धारा शिक्षणको अभाव जस्ता समस्याहरु कक्षाकोठाको व्यवस्थापनमा पाइयो । जुन समस्याहरुको समाधान विद्यालयका प्र.अ. वा शिक्षक ले मात्र गर्न सक्दैनन् । यस्ता किसिमका विद्यालयका जल्दा बल्दा समस्याहरुलाई समाधान गर्न विद्यालयप्रति चासो राख्ने सबै निकाय र पक्षहरुको पूर्ण सहभागिता र जिम्मेवारीको आवश्यकता पर्दछ । त्यसकारण यस अध्ययनको क्रममा देखा परेको विद्यालयको शिक्षक सम्बन्धी व्यवस्थापनका समस्याहरुलाई समाधान गर्नका लागि निम्न उपायहरु उल्लेख गरिएको छ ।

### ४.३.१ आर्थिक स्रोतहरुको उचित व्यवस्थापन

विद्यालयको धेरै समस्याहरु आर्थिक कारणले देखा परेको हो । जसले गर्दा विद्यालय कुशलतापूर्वक संचालनमा समस्या देखा परेको हो । त्यसकारण विद्यालयको आर्थिक समस्यालाई समाधान गर्न, प्र.अ., विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र शिक्षक हरु मिलेर विद्यालयको मौजुद आर्थिक आन्तरिक बाह्य स्रोतहरुको उचित हिसावले कुशलतापूर्वक परिचालन गर्नु पर्दछ । विद्यार्थी संख्याको आधारमा शिक्षक नहुँदा जि.शि.का.बाट दरबन्दी माग गर्ने, निजी स्रोतबाट शिक्षक राख्नको लागि गा.वि.स.,

जि.वि.स. र समुदायसँग चन्दा र अनुदान सहयोग गर्नको लागि माग गर्ने कार्य गर्नु पर्दछ । साथै कक्षा व्यवस्थापनमा देखा परेको आधारभूत पक्षहरु भवन, खानेपानी, फर्निचर, सरसफाई, सजावट, शौचालय, सीमा पर्खाल, खेल मैदान, विद्यालयको भौतिक पूर्वाधारको मर्मत तथा शैक्षिक सामग्रीहरुको मर्मत र व्यवस्था समयमा नै गर्नु पर्दछ । यसका लागि आवश्यक निकाय, अन्य संघ संस्थाहरु, समाज, अभिभावकहरुसंग सहयोगको लागि पहल गर्नु पर्ने देखिन्छ । अर्थात् स्थानीय सरोकारवाला र विद्यालयप्रति चासो राख्ने व्यक्तिहरुलाई विद्यालयको लागि आर्थिक स्रोत जुटाउने अभियानमा सामेल गराउनु पर्दछ ।

### ४.३.२ समन्वयको विस्तार

प्रत्येक विद्यालयले आफ्नो नजिकको विद्यालय वा स्रोतकेन्द्र अन्तर्गतका अन्य विद्यालयहरुसंग सम्बन्ध विस्तार गर्नु पर्दछ । जसले गर्दा विद्यालय-विद्यालय विचमा संचार हुन्छ र सम्बन्धको विस्तार हुन्छ । यसका लागि प्र.अ., स्रोतव्यक्तिले उल्लेखनीय भूमिका निर्वाह गरी स्रोतकेन्द्रको बैठकमा विद्यालयका प्र.अ.हरु बीच छलफल अन्तर्क्रिया, सरसल्लाह र सूचनाको आदान प्रदान गरी समन्वयको विस्तार गर्नुका साथै छिमेकी विद्यालयका शिक्षक हरुलाई बोलाई आफ्ना विद्यालयमा शिक्षण गर्न लगाई विद्यार्थीहरुलाई नयाँ अनुभव प्रदान गरी आफ्ना कमी कमजोरीहरु पनि पत्ता लगाई समयमा नै शिक्षक व्यवस्थापनमा देखा परेको समस्याको समाधान गर्न सकिन्छ । साथै एउटा विद्यालयमा भएको समस्याहरुलाई अर्को विद्यालयका प्र.अ., स्रोतव्यक्ति र शिक्षक हरुसंग छलफल गरी विद्यालयको समस्या समाधान गर्नमा विशेष पहल गर्नु पर्दछ ।

### ४.३.३ विद्यालय व्यवस्थापन समिति र शिक्षक  अभिभावक संघको संलग्नता

कुनै पनि विद्यालयको व्यवस्थापन विद्यालयका शिक्षक  र प्र.अ.को सहभागिताले मात्र हुँदैन । जबसम्म स्थानीय व्यक्तिहरु अभिभावक, व्यवस्थापन समितिले आ-आफ्नो कार्यको जिम्मेवारीको बोध गर्दैनन् तबसम्म विद्यालयको व्यवस्थापन संभव हुँदैन । त्यसकारण विद्यालयका समिति र अभिभावकहरुलाई विभिन्न किसिमको तालिमद्धारा विद्यालयको भौतिक, आर्थिक, शैक्षिक, प्रशासनिक कार्यमा सुधार गर्न उनीहरुको सक्रिय भूमिका निर्वाह गर्नमा विशेष पहल गर्नुपर्दछ । अर्थात् उनीहरुको सक्रिय सहभागिता विद्यालयमा बढाउनु पर्दछ । समिति र अभिभावकहरुमा सकारात्मक भावनाको विकास गराई विद्यालय र समुदाय विचको सम्बन्ध प्रगाढ बनाउनु पर्दछ ।

जबसम्म विद्यालय र अभिभावक बीच सहयोग र सद्भाव रहँदैन तबसम्म विद्यालयको उचित व्यवस्थापन हुँदैन । त्यसका लागि विद्यालयका प्र.अ.ले विद्यालयमा हुने हरेक क्रियाकलापमा स्थानीय निकाय समिति र अभिावकलाई सहभागी गराई उनीहरुलाई आफ्नो विचार, सुझाव र सल्लाह राख्ने उचित अवसर प्रदान गर्नुपर्दछ । विद्यालयमा बेलाबेलामा अभिाभवक भेला बोलाई उनीहरुको आफ्ना विद्यार्थीहरुको पढाइ सम्बन्धी निरीक्षण र प्रगतिको जानकारी गराई विद्यालय र विद्यार्थीको विकासको लागि अभिभावक र समितिमा जनचेतना जगाई सकारात्मक सोच विकासमा विद्यालयले पहल गर्नुपर्दछ । यस प्रकार अन्य विभिन्न किसिमका कार्य गरी स्थानीय समुदायसित सम्बन्ध प्रगाढ बनाउन सकिन्छ ।

### ४.३.४ शैक्षिक तथा प्रशासनिक पक्षलाई व्यवस्थित गर्नुपर्ने

वर्तमान समयमा देखा परेका विद्यालयको शैक्षिक र प्रशासनिक पक्षलाई सुधार गरी वालवालिकाको सहभागितामा वृद्धि गर्नु पर्दछ । यसका लागि विद्यालयका प्र.अ.ले आफ्ना शिक्षक हरुलाई विद्यालयमा आफूले सिकेका तालिमका सीपहरुलाई कक्षाकोठाको व्यवस्थापनमा लागु गर्न प्रोत्साहित र प्रेरित गर्नु पर्दछ । स्थानीय ठाउँमा उपलब्ध स्रोत र सामग्रीको निर्माणमा जोड, विद्यालयमा शैक्षिक वातावरण सृजना गर्न जोड, शिक्षण पेशा प्रति आकर्षित गर्न विद्यालयमा पुरस्कार र दण्डको व्यवस्था, विद्यालयमा पढ्ने वातावरण तयार गरी समुदायमा विद्यार्थी भर्ना अभियान चलाउनु पर्दछ । समुदायमा विद्यालयद्धारा विभिन्न समयमा जनचेतनामूलक अभियान चलाउने, खेल मैदानको व्यवस्थापन, विद्यार्थी केन्द्रित विधिद्धारा पठन पाठन गराउने, मनोरंजनात्मक वातावरणको तयारीका साथै विद्यालयमा अतिरिक्त क्रियाकलापमा जोड दिनु पर्दछ ।

शिक्षक लाई पाठ योजना बनाई शिक्षण गर्न प्रेरित गर्नु, विद्यालयमा वार्षिक कार्य तालिकाका आधारमा पठन पाठन गराउनु, निरन्तर मूल्यांकन प्रणालीमा जोड दिई विद्यार्थीहरुको प्रगति विवरण साप्ताहिक र मासिक रुपमा अभिलेख तयार गरी उनीहरुको अभिभावकहरुलाई जानकारी गराई शैक्षिक र प्रशासनिक समस्याहरुलाई हटाउन सकिन्छ । साथै विद्यालयमा विद्यार्थीहरुको अन्य विभिन्न अभिलेखहरु पनि तयार गर्नु पर्दछ । यसरी समय-समयमा शिक्षक  र प्रशासनिक पक्षले विद्यालयको विविध पक्षलाई चुस्त दुरुस्त राखे विद्यालयको शिक्षक व्यवस्थापनमा देखा परेका विविध समस्याहरुलाई समाधान गर्न सकिन्छ ।

## ४.३.५ नियमित पृष्ठपोषण

विद्यालयमा नियमित हुने शैक्षिक क्रियाकलापहरु र विद्यार्थीहरुले सहभागी हुने क्रियाकलापहरुमा दैनिकी रुपमा विद्यार्थीका राम्रा र नराम्रा पक्षहरुको निरन्तर मूल्यांकन गरी उनीहरुको कमी कमजोरी पत्ता लगाई सुधार गर्न पृष्ठपोषण पनि प्रदान गर्नु पर्दछ । विद्यालयमा निर्माणात्मक मूल्यांकनलाई अपनाई सुधारात्मक शिक्षण गर्नु पर्दछ । यस्ता क्रियाकलापबाट बाल वालिकाहरुको शैक्षिक समस्याहरु हटाई शैक्षिक कार्यमा उनीहरुको प्रत्यक्ष सहभागितामा वृद्धि गर्न सकिन्छ र कक्षाकोठाको व्यवस्थापनमा प्रभावकारिता ल्याउन सकिन्छ ।

## ४.३.६ नीति नियमको उचित समयमा कार्यान्वयन

माध्यमिक विद्यालयहरुले विद्यालयमा विद्यार्थी भर्ना दर बृद्धि गर्नका लागि राष्ट्रिय मापदण्डलाई व्यवहारमा उचित समयमा नै कार्यान्वयन गर्नु पर्दछ । विद्यालयमा स्वच्छ सुहाउँदिलो तथा रुचीपूर्ण वातावरण तयार गरी कक्षा सहभागितामा वृद्धि गराएर कक्षाकोठाको व्यवस्थापन सम्बन्धी समस्याहरुलाई समाधान गर्न सकिन्छ ।

विद्यालयमा समयमा कक्षा संचालन त्रैमासिक, अर्धबार्षिक, वार्षिक परीक्षा संचालन गरी सोको उचित अभिलेख तथा विद्यार्थीको अभिलेख जि.शि.का. मा समयमा पठाई जि.शि. का.बाट हुने सहयोगको माग गर्नु पर्दछ । साथै विद्यालयसंग सम्बन्धित अन्य विविध नियम कानूनलाई समयमै लागु गरी शिक्षक व्यवस्थापनमा देखिएकासमस्याहरु हटाउन सकिन्छ ।

## ४.३.७. शिक्षक को भूमिकामा विशेष जोड

शिक्षा त्रिमुखी प्रक्रिया भएकोले शिक्षक  त्यसको प्रमुख अंग मानिन्छ । विद्यालय व्यवस्थापनमा शिक्षक ले महत्वपूर्ण भूमिका खेल्ने गर्दछन् त्यसमा माध्यमिक  विद्यालय व्यवस्थापनमा शिक्षक को ठूलो भूमिका रहेको हुन्छ । विद्यालयमा शिक्षक ले आफूले सिकेको सीपको आधारमा कक्षाकोठामा उचित सिकाइ वातावरणको निर्माण गरी आफ्नो र विद्यार्थीको क्षमताको विकासमा जोड दिनु पर्दछ । यस कार्यको लागि विद्यालय प्रशासन प्र.अ., वि.व्य.स.ले शिक्षक हरुलाई आफ्नो पेशाप्रतिको जिम्मेवारी र सकारात्मक सोचको विकास गराई आफ्नो कार्यप्रति वफादार बन्न प्रेरित गर्नु पर्दछ । शिक्षक ले स्थानीय ठाउँमा उपलब्ध सामग्रीको निर्माण र प्रयोग गरी नियमित कक्षा

शिक्षण गरी विद्यार्थीहरुको कमी कमजोरी पत्ता लगाई ती पक्षलाई सुधार गर्नका लागि पथ प्रदर्शकको भूमिका निर्वाह गर्नु पर्दछ ।

आफूले अध्यापन गर्दा त्यसको नियमित अभिलेख तयार गरी विद्यार्थीको सिकाइ उपलब्धि बढाउन मद्दत गर्नु पर्दछ । यसका लागि विद्यार्थीलाई आफ्नो छोराछोरी जस्तो व्यवहारको प्रदर्शन, अभिभावकहरुसंग छलफल अन्तर्क्रिया गरी अभिभावकलाई पनि उनीहरुको जिम्मेवारीको बोध गराउनु पर्दछ । अर्थात् विद्यालयको व्यवस्थापनमा शिक्षक हरुले सक्रिय भूमिकामा विशेष जोड दिए शिक्षक व्यवस्थापनका समस्याहरुको समाधान गर्न सकिन्छ ।

### ४.३.८ विद्यालयमा राजनीतिक गतिविधिको अन्त्य गर्नुपर्ने

देश र समाजको राजनीतिक अस्थिरताले गर्दा देशको सबै पक्ष प्रभावित भएका छन् । त्यसको प्रत्यक्ष प्रभाव विद्यालयमा परेको पाइन्छ । स्थानीय समुदायले विद्यालयमा राजनीतिक चलखेल र गतिविधि संचालन गरेका छन् जसले गर्दा विभिन्न संघ संगठनहरुले विद्यालय बन्द हडताल आह्वान गरी पठन पाठनलाई प्रभावित गरेका छन् । विद्यार्थीहरुलाई तर्साएका छन् । शिक्षक लाई धम्काएर चन्दा संकलन गरेका छन् । यी गैर राजनीतिक गतिविधिको अन्त्य गर्नुपर्ने हुन्छ र विद्यालयलाई शान्तिक्षेत्र र बन्द हडतालबाट मुक्त गराई शिक्षक व्यवस्थापनमा देखा परेका समस्याहरुको समाधान गर्न सकिन्छ ।

### ४.३.९ विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्नुपर्ने

वालकको चौतर्फी विकासका लागि वाल सहभागिताको आवश्यकता पर्दछ । तर विद्यालयमा विभिन्न समस्याहरुले गर्दा शिक्षक हरु परम्परागत शिक्षक केन्द्रित विधिहरुको मात्र प्रयोग गरिएको देखिएकोले कक्षा शिक्षणको ऋममा शिक्षक हरुले आफूले सिकेका ज्ञान सीप र अनुभवको प्रयोग गरी वालकेन्द्रित शिक्षण विधिको बढी मात्रामा प्रयोग गर्नु पर्दछ । यसका लागि छलफल, अन्तर्क्रिया, खेलविधि, प्रश्नोत्तर, समस्या समाधान, भूमिका निर्वाह जस्ता मनोरंजनात्मक शिक्षण विधिको प्रयोग गरी कक्षाकोठा व्यवस्थापनमा देखिएका शिक्षण विधि सम्बन्धी समस्यालाई हटाई कक्षाकोठाको व्यवस्थापनलाई सुधार गर्न सकिन्छ ।

## ४.३.१० समाहित शिक्षणको प्रयोग

समाज आफैमा विविधतायुक्त अवस्थामा रहेकोले विद्यालय कक्षा भित्र विविधता युक्त अवस्था श्रृजना भएको हो । शिक्षक भित्रका यस्ता विविधता युक्त अवस्थालाई हटाउनका लागि शिक्षक ले कक्षामा शिक्षण गर्दा समाहित वा समावेशी शिक्षणको उपयोग गर्नु पर्दछ । कक्षामा हुने विभिन्न जात, धर्म, भाषा, उमेर, संस्कृति, लिङ्ग आदिलाई एक ठाउँमा बसाइ व्यवस्थापनको माध्यमले उपयुक्त हुने शिक्षण विधिद्धारा कक्षा शिक्षणको सुरुवात गरी मातृभाषामा शिक्षण गर्दा कक्षाकोठाको व्यवस्थापनमा देखा परेका विविधता सम्बन्धी समस्यालाई समाधान गर्न सकिन्छ ।समावेशी शिक्षाले गर्दा एकीकृत तरीका अपनाई कक्षा शिक्षणको प्रभावकारितामा वृद्धि गर्न सकिन्छ ।

विद्यालयमा शिक्षक व्यवस्थापन गर्नका लागि टेलरको वैज्ञानिक व्यवस्थापन सिद्धान्तलाई प्रयोग गर्न सकिन्छ जस अनुसार विद्यालयमा उपलब्ध स्रोत साधनहरुलाई वैज्ञानिक तरीकाले कार्यान्वयन गर्नु पर्दछ । विद्यालयमा कार्यरत शिक्षक हरु तालिममा प्राप्त गरेका अनुभवहरु कक्षाकोठाको व्यवस्थापन गर्नमा कति ध्यान पुर्‍याए अर्थात् कक्षाकोठाको व्यवस्थापनको अवस्था कस्तो रह्यो भन्ने बारेमा खोजी गर्न वैज्ञानिक व्यवस्थापन सिद्धान्तलाई प्रयोग गरियो । साथै मारिया मन्टेश्वरीको सिद्धान्त अनुसार घरको वातावरण जस्तै विद्यालयको कक्षाकोठाको वातावरण विकास गरी विद्यार्थीहरुलाई विद्यालयमा पढौं पढौं लाग्ने वातावरण कुन हदसम्म बनाउन तालिम प्राप्त शिक्षक हरु सफल भएका हुन् भन्ने कुरा हेर्नका लागि मन्टेश्वरीको सिद्धान्त प्रयोगमा ल्याइयो ।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझावहरु

यस परिच्छेदमा अनुसन्धानकर्ताले अध्ययन क्षेत्रमा गरेको अध्ययन अनुसन्धानको क्रममा संकलित भएका तथ्याङ्क, सूचना र जानकारीहरुलाई व्याख्या विश्लेषण र प्रस्तुतीकरण गरिएको आधारमा प्राप्त भएका तथ्याङ्क अध्ययनको निष्कर्ष एवम् सुझावहरुलाई समावेश गरिएको छ ।

## ५.१ निष्कर्ष

कुनै पनि शिक्षक लाई प्रभावकारी दक्ष र सीपयुक्त बनाउने काममा शिक्षक तालिमले प्रभावकारी भूमिका खेलेको हुन्छ । वालमैत्री शिक्षण तरीका अपनाउन, शिक्षणको योजना बनाउन, शैक्षिक सामग्री निर्माण र प्रयोग गर्नुका साथै कक्षाकोठाको व्यवस्थापनमा उल्लेख्य भूमिका खेलेको हुन्छ । तर पनि विभिन्न कारणले शिक्षक हरु तालिम प्राप्त शिक्षक का शिक्षक व्यवस्थापन मध्यम खालको देखिन्छ । आफूले प्राप्त गरेको तालिमका आधारमा कक्षाकोठाको व्यवस्थापनमा पूर्णतया उत्तम प्रभावकारिता ल्याउन नसकेको पाइन्छ ।

कक्षाकोठाको भौतिक वातावरण, सरसफाई, शैक्षिक सामग्रीको उपलब्धता र प्रयोगको अवस्था र सिकाइ वातावरण मध्यम खालको पाइन्छ । कक्षाकोठाको व्यवस्थापन पूर्ण रुपमा प्रभावकारी नहुनुमा विभिन्न खालका समस्याहरु देखिन्छ । जसमध्ये विद्यालयहरुको भौतिक र आर्थिक व्यवस्था राम्रो नहुनु, शिक्षक ले प्रति दिन धेरै पिरियड लिनु, बहुकक्षा शिक्षण गर्नु, विद्यालयमा पर्याप्त शिक्षण सामग्रीको अभाव हुनु, निरन्तर अनुगमन र निरीक्षण नहुनु, स्रोतव्यक्ति, विद्यालय निरीक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिले पर्याप्त सहयोग नगर्नु, शिक्षक को लागि कार्य दक्षताका आधारमा पुरस्कार र दण्डको व्यवस्था नहुनु विद्यालयमा राजनीतिक गतिविधि हुने गरेको, समन्वयको कमी, स्थानीय सरोकारवालाको चासो र सहभागिता विद्यालयमा पर्याप्त नहुनु, कक्षामा विद्यार्थीको विविधता हुनु जस्ता समस्याहरुले कक्षाकोठाको व्यवस्थापनमा समस्या देखिन्छ ।

आफूले तालिममा सिकेको क्षमता अनुसार विषयवस्तु सिकाउन, पूर्व पाठको पुनरावलोकन गर्न, वालमैत्री शिक्षण मार्फत् रुचीपूर्ण सिकाइ र प्रभावकारी शिक्षणको प्रस्तुती शिक्षक ले कक्षा शिक्षणको क्रममा गरेपनि व्यवहारिक रुपमा धेरै कठिनाइहरु

शिक्षक ले कक्षामा महसुस गरेका छन् । शैक्षिक सामग्री निर्माण भन्दा खरिद गर्न ध्यान दिएको तर शिक्षक हरु आर्थिक अभावले असमर्थ रहेकाले कक्षाकोठाको व्यवस्थापन मध्यम खालको पाइन्छ ।

सहरी भेगमाभन्दा ग्रामीण स्तरमा रहेको विद्यालयहरुमा विद्यार्थीहरुको अत्याधिक चापले शिक्षक को दरबन्दी कम हुनु, एक दिनमा धेरै पिरियड पढाउनु, बहुकक्षा शिक्षण गर्नाले कक्षा व्यवस्थापन सोचे जस्तो प्रभावकारी नभएको अवस्था ग्रामीण विद्यालयहरुको अवस्था देखिन्छ, भन्ने कुराको पुष्टि यस अध्ययनबाट हुन्छ ।

कक्षाकोठाको व्यवस्थापनमा देखिएको समस्याका समाधानका लागि पाठ्यक्रम र शिक्षा शिक्षणको सैद्धान्तिक पक्षलाई भन्दा व्यवहारिक पक्षमा बढी जोड दिनु पर्दछ । शिक्षक ले तालिममा सिकेका सैद्धान्तिक कुराहरु लागु गर्न आर्थिक समस्या भए तापनि समुचित व्यवहारिक तवरले गर्नुपर्ने, विद्यालयको स्रोत साधनको उचित व्यवस्थापन हुनु पर्ने, स्थानीय सामग्रीलाई कक्षा शिक्षणमा प्रयोग गर्नु पर्ने, विद्यालयमा राजनीतिक गतिविधिको अन्त्य हुनु पर्ने, गा.वि.स., जि.वि.स. जस्ता निकायबाट आर्थिक सहयोगका लागि पहल गर्नु पर्ने, विद्यालयको अन्य पक्ष विद्यालय, समुदाय र अभिावकहरुसंग सम्बन्ध विस्तार गर्नु पर्ने देखिन्छ । घरमा अभिभावक विद्यार्थीहरुलाई समयमा नै शैक्षिक सामग्री उपलब्ध गराउनु पर्ने, घरमा सिक्ने वातावरणको निर्माण गर्नु पर्ने, कक्षामा विषय शिक्षणमा जोड दिनु पर्ने, शिक्षणको क्रममा विद्यार्थीको सहभागितामा बढी जोड दिनु पर्ने, विद्यार्थीको निरन्तर मूल्यांकन गर्नु पर्ने, विद्यालयको समय समयमा अनुगमन र निरीक्षण गरिनु पर्ने र शिक्षक लाई कक्षामा तालिमलाई उपयोग गर्न विशेष माध्यमिक ता र प्रोत्साहन गर्नु पर्ने निष्कर्ष यस अध्ययनबाट निकालिएको छ ।

## ५.२ सुझावहरु

यस अध्ययनबाट प्राप्त सारांश र निष्कर्षका आधारमा तालिम प्राप्त शिक्षकको व्यवस्थापनमा प्रभावकारितासंग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सम्बद्ध र चासो राख्ने व्यक्ति र संस्थाले आउँदा दिनहरुमा भविष्यमा अवलम्वन गर्नु पर्ने कार्यहरुलाई नीतिगत तह, अभ्यासगत तह र अनुसन्धानगत तह गरी तीन भागमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

## ५.२.१ नीतिगत तह

माध्यमिक तहका कक्षा शिक्षण र कक्षाकोठाको व्यवस्थापन र माध्यमिक शिक्षक तालिमलाई कक्षामा सफलतापूर्वक लागु गर्न यस अध्ययनका क्रममा नमुना जनसंख्याबाट प्राप्त राय सल्लाह एवम् सुझाव तथा यससंग सम्बन्धित लेख रचना, पूर्व प्रकाशित अध्ययनको आधारमा निम्न अनुसार दिशा अवलम्वन गर्नु पर्ने देखिन्छ ।

माध्यमिक तहमा कक्षाकोठाको व्यवस्थापनमा प्रभावकारिता ल्याउन सरकारी निकायबाट कडा निर्देशन दिनु पर्ने आवश्यकता देखिन्छ । साथै शिक्षक को लागि पुरस्कार र दण्डको व्यवस्थापन गरिनु पर्ने देखिन्छ । सैद्धान्तिक रुपमा तालिममा सिकाइएअनुसार व्यवहारमा लागु गराउन उचित सामग्रीको व्यवस्था गर्नु पर्ने देखिन्छ । राष्ट्रिय स्तरबाट योजना निर्माण गरी विद्यालय अनुगमन र निरीक्षणलाई नियमित गरी पृष्ठपोषण तयार गर्नु पर्ने देखिन्छ ।

माध्यमिक विद्यालय शिक्षक व्यवस्थापन गर्नका लागि राष्ट्रिय अभियान संचालन गर्नु पर्ने देखिन्छ । तथा सैद्धान्तिक रुपमा रहेको विद्यार्थी संख्याको आधारमा शिक्षक को दरबन्दीलाई व्यवहारिक रुपमा सरकारले लागु गर्नु पर्ने देखिन्छ । आर्थिक व्यवस्थापनका लागि नीतिगत तहबाटै राष्ट्रिय, अन्तर्राष्ट्रिय, गा.वि.स., जि.वि.स. र जि.शि.का.बाट पहल गरी सम्भव हुने निकायहरुलाई बार्षिक रुपमै आर्थिक अनुदान दिने कुराको व्यवस्था सरकारले कानून मै गरिनु पर्ने देखिन्छ ।

नयाँ शैक्षिक सत्र शुरु हुनु भन्दा पहिला एक महिना अगाडि नै पाठ्यपुस्तक र पाठ्यक्रमका आधारमा चाहिने सम्पूर्ण शैक्षिक सामग्री एक शैक्षिक सत्रको लागि सरकारले विद्यालयमा उपलब्ध गराउनु पर्दछ । जिल्ला शिक्षा कार्यालयले विद्यार्थी संख्याको आधारमा शिक्षक र कक्षाकोठाको व्यवस्था नीतिगत रुपमा गर्नुपर्दछ । वर्षमा कम्तिमा ३ पटक समाजमा शैक्षिक वातावरण तयार गर्नका लागि अभिाभवकहरुलाई जनचेतनामूलक कार्यक्रम सरकारले विद्यालयमा लागु गर्नु पर्दछ । विद्यालयलाई शान्तिक्षेत्र घोषणा गरी राजनीतिक गतिविधिलाई विद्यालयबाट पूर्ण रुपमा बन्द गर्ने नीति लिनु पर्ने हुन्छ ।

स्रोतव्यक्ति र विद्यालय निरीक्षकबाट महिनामा २ पटक विद्यालयको अनुगमन गरी कक्षा व्यवस्थापनमा शिक्षक लाई सहयोग गर्ने नीति शिक्षा ऐन नियममा व्यवस्थित गर्नु

पर्दछ । विद्यालयको शैक्षिक र प्रशासनिक अभिलेख प्रत्येक वर्ष जिल्ला शिक्षा कार्यालयमा झिकाइ जाँच गर्नु पर्दछ ।

### ५.२.२ अभ्यासगत तह

शैक्षिक क्षेत्रमा निर्माण गरिएका नीति नियमहरु व्यवहारमा लागु नभएका, अनावश्यक राजनीतिक हस्तक्षेप हुने गरेका र शिक्षक ले तालिममा सिकेका कुराहरु सैद्धान्तिक भए पनि व्यवहारिक रुपमा सो अनुसारका व्यवस्थापन नहुँदा शिक्षक शिक्षण र कक्षा व्यवस्थापनमा सफलता प्राप्त नभएको अवस्था वर्तमान समयमा देखा परेको भेटिन्छ । विद्यालयलाई शान्तिक्षेत्र राजनीतिक गतिविधिको अन्त्य हुनु पर्ने व्यवस्था सरकारले गरे पनि व्यवहारिक रुपमा सफल नभएको देखिन्छ । त्यसका लागि समाज, समुदाय, शिक्षक, विद्यार्थी, बुद्धिजीवी, समाजसेवीसंग शिक्षक व्यवस्थापन सम्बन्धी विभिन्न छलफल, अन्तर्क्रिया गर्न सके कक्षाकोठाको व्यवस्थापनमा प्रभावकारिता ल्याउन सकिन्छ ।

कक्षाकोठाको व्यवस्थापनमा विद्यार्थी संख्याका आधारमा भवन, विद्यार्थीको उमेर स्तरअनुसार बेन्च, डेस्क, कार्पेटको व्यवस्था गर्नुपर्ने देखिन्छ । कक्षाकोठामा शैक्षिक सामग्रीहरु विद्यार्थीहरुको पहुँच हुने देख्ने गरी राख्ने व्यवस्था गरिनु पर्दछ । वालकको रुचि र चाहनाअनुसार पर्याप्त खेल र अन्य सामग्रीको व्यवस्था विद्यालयमा सरकारले पुऱ्याउनु पर्ने देखिन्छ ।

कक्षा व्यवस्थापनमा शिक्षक ले पनि आफ्ना भूमिकालाई प्रभावकारी रुपमा निर्वाह गर्न विद्यालयलाई घरको वातावरणका रुपमा अभिभावक, शिक्षक , प्र.अ., विद्यालय व्यवस्थापन समिति र स्थानीय सरोकारवाला व्यक्तिहरुसंग समय समयमा छलफल भेटघाट गरी आवश्यक सरसल्लाह र सहयोग जुटाउनु आवश्यक देखिन्छ । शिक्षक ले मातृभाषामा शिक्षण गरी पुरस्कारात्मक बाटो अपनाएर कक्षाकोठालाई प्रभावकारी व्यवस्थापन गरिनु पर्ने देखिन्छ ।

### ५.२.३ अनुसन्धानात्मक तह

यस अध्ययन अनुसन्धानको क्रममा केही यस्ता महत्वपूर्ण पक्ष र तथ्यहरु अगाडि देखा परेका छन् । ती पक्षहरुको बारेमा थप अधययन अनुसन्धानको आवश्यकता देखिन्छ । त्यस्ता केही महत्वपूर्ण पक्षहरुलाई तल उल्लेख गरिएको छ ।

अध्ययनको क्रममा विभिन्न उत्तरदाताहरुले विद्यालयमा शिक्षक को कार्य क्षमताका आधारमा शिक्षक लाई दण्ड वा पुरस्कारको व्यवस्था गर्नु पर्ने धारणा व्यक्त गरेकोले सो विषयमा थप अनुसन्धान हुनु आवश्यक देखिएको छ ।

नेपाल सरकारले प्रत्येक आर्थिक वर्षमा शैक्षिक लगानीलाई वृद्धि गरे पनि विद्यालयहरुमा आर्थिक समस्या बढ्दो रुपमा देखा परेको छ । यस्ता आर्थिक समस्याहरु किन हटेनन् ? विद्यालयको प्र.अ. वा व्यवस्थापन संचालनको तौर तरीकामा कमी देखिएको हो कि अन्य कुनै कारण हो सो विषयमा थप अनुसन्धान हुनु आवश्यक देखिएको छ ।

सरकारले विद्यार्थी संख्याको आधारमा शिक्षक  दरबन्दी नीति लिए पनि व्यवहारमा लागु छैन । यस्तो किन भएको हो ? भनी यस मुद्दाको बारेमा अध्ययन अनुसन्धान गर्न आवश्यक देखिन्छ ।

अनुसन्धानको क्रममा अभिभावकहरुले घरमा वाल वालिकाहरुलाई शैक्षिक वातावरण उपलब्ध नगराएको, ध्यान नदिएको, समयमा शैक्षिक सामग्री उपलब्ध नगराएको जस्ता गुनासोहरु देखिएको छ, के अभिभावकको यस्ता व्यवहारले कक्षाकोठाको व्यवस्थापन प्रभावकारी हुन्छ त, यसको बारेमा अध्ययन अनुसन्धान हुनु जरुरी देखिएको हो । यसै गरी यस्ता विभिन्न समस्याहरु देखिएकोले यी समस्याहरुको बारेमा थप अध्ययन अनुसन्धान हुनु आवश्यक देखिएको हो ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, कमलपाल (२०६५),*कक्षा शिक्षणमा तालिमको प्रभावकारिता अध्ययन* (अप्रकाशित शोधपत्र), त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

*आधारभूत प्राथमिक शिक्षक प्रशिक्षण, प्राथमिक शिक्षकहरुकालागि स्रोत सामग्री (भाग-१)* ( २०६३), सानोठिमी, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

*आधारभूत प्राथमिक शिक्षक सेवाकालीन तालिम, प्रशिक्षक निर्देशिका* (२०५८), सानोठिमी, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६६), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* भोटाहिटी, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर, काठमाण्डौं : सनलाइट पब्लिकेशन ।

ढकाल, माधवप्रसाद (२०६१), *प्राथमिक शिक्षक दिग्दर्शन,* भोटाहिटी, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

निउरे, ध्रुवप्रसाद (२०६८), *अनुसन्धान पद्धति,* कीर्तिपुर, काठमाडौं : क्वेस्ट पब्लिकेशन ।

न्यौपाने, एकराज (२०६२), *तालिम प्राप्त र अप्राप्त शिक्षकहरुलाई कक्षाकोठा व्यवहार एक तुलनात्मक अध्ययन,* (अप्रकाशित शोधपत्र), त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

बलम्पु, प्रभा (२०६७), *बालमैत्री विद्यालय व्यवस्थापनको प्रभावकारिता,* (अप्रकाशित शोधपत्र), त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भुषाल, पार्वती (२०६६), *प्राथमिक तहको सिकाइमा कक्षाकोठाको व्यवस्थापन,* (अप्रकाशित शोधपत्र), त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

लामिछाने, श्रीराम प्रसाद (२०६०), *शिक्षक तालिमबारे केही विवेचना : विकासको निम्ति शिक्षा,* काठमाडौं : शैक्षिक  विकास तथा अनुसन्धान केन्द्र ।

वाग्ले, मनप्रसाद र साथीहरु (२०६९), *शिक्षा,* सानोठिमी, भक्तपुर : पाठ्यकम विकास केन्द्र ।

*विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२)* (२०६६), काठमाडौं : शिक्षा मन्त्रालय ।

शर्मा, कुबेरनाथ (२०५७), *शिक्षाको दर्शनशास्त्रीय एवम् समाजशास्त्रीय आधार,* पुतली सडक काठमाडौं : उत्सव बुक्स एण्ड स्टेशनर्स ।

शर्मा, गोपिनाथ (२०४३), *नेपालमा शैक्षिक इतिहास,* भोटाहिटी, काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६०), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* भोटाहिटी, काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

शर्मा एण्ड शर्मा (२०६३), *शिक्षाका आधारहरु,* काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६४), *शिक्षण विधि,* भोटाहिटी, काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीव्यूटर्स ।

*शिक्षा ऐन (२०२८) तथा शिक्षा नियमावली (२०५९),* बागबजार, काठमाडौं : प्रतिष्ठा प्रकाशन ।

*शिक्षकको पेशागत विकास मोड्युल प्याकेज, आधारभूत तह (२०६८),* सप्तरी : जिल्ला शिक्षा कार्यालय ।

श्रेष्ठ, सूर्यबहादुर (२०४८), *कक्षाकोठाको व्यवस्थापन* : शैक्षिक विकास तथा अनुसन्धान केन्द्र, बल्खु, काठमाडौं ।

सिंह, नागेश्वर (२०६४), *शिक्षण विधि,* रामशाहपथ, काठमाडौं : पैरवी प्रकाशन ।

सिन्हा, रामस्वरुप (२०६३) , *२१ औं शताब्दीको शैक्षिक दुरदृष्टि,* काठमाडौं : काभ्रे अफसेट प्रेस

Montessori, Maria (1942), *Reconstruction in Education,* New Delhi : Vikas Publishing House.

## माध्यमिक तहमा गुणस्तरीय शिक्षाको लागि शिक्षक व्यवस्थापन

## अनुसूची : १

## विद्यार्थीका लागि अन्तर्वार्ताको प्रश्नावली

विद्यालयको नाम र ठेगाना :...........................................................................

विद्यार्थीको नाम, थर :...........................................कक्षा :............रोल नं. :...........

१. तिमीलाई आफ्नो विद्यालय कस्तो लाग्छ ?

२. तिमीलाई शिक्षकहरुले कस्तो व्यवहार गर्नु हुन्छ ?

३. तिमी पढ्ने कक्षाकोठा राम्रो छ ?

४. तिम्रो कक्षामा कक्षा मनिटरको व्यवस्था छ ?

५. तिम्रो कक्षाकोठा नियमित रुपमा सरसफाई हुने गरेको छ ?

६. तिम्रो कक्षाकोठामा पछि काम लाग्न सक्ने पुराना सामग्रीहरु जङ्क बाँक्समा राख्ने व्यवस्था गरेको छ वा छैन ?

७. तिमी आफू पढ्ने कक्षाकोठामा प्रकाश, हावा आवतजावत राम्रो र सुहाउँदिलो ( ठीक्कको) तापक्रम छ वा छैन ?

८ .कक्षाकोठामा तिमीहरुको बसाइ कतिको सजिलो र राम्रो छ ?

९. तिम्रो कक्षाकोठामा कालोपाटी/ह्वाइटबोर्ड सबैले देख्न सक्ने, ठीक्क उज्यालो पुग्ने एवम् ठीक उचाइमा तिमीहरुले पनि प्रयोग गर्न सक्ने गरी राखिएको छ ?

१०. तिम्रो कक्षामा विद्यार्थीहरुलाई यू (U) आकार, भी (V) आकार, वृत्ताकार, अर्धवृत्ताकार वा समूह बसाइ मध्ये कुन किसिमको बसाइ व्यवस्थापन हुन्छ ?

११. कक्षाकोठामा सँधै एकै किसिमको बसाइ हुन्छ वा समय र आवश्यकतानुसार बसाइ व्यवस्थापन फरक-फरक हुन्छ ?

१२. तिम्रो कक्षाकोठामा शैक्षिक सामग्रीहरुको व्यवस्था राम्रो छ ?

## माध्यमिक तहमा गुणस्तरीय शिक्षाको लागि शिक्षक व्यवस्थापन

## अनुसूची : २

## वि.व्य.स. अध्यक्षका लागि प्रश्नावली

वि.व्य.स. अध्यक्षको नाम, थर :........................शैक्षिक योग्यता ..........सेवा अवधि :....
विद्यालयको नाम र ठेगाना :............................................................................

१. तपाईले विद्यालयको शैक्षिक गतिविधीको अनुगमन तथा निरीक्षण एक शैक्षिक वर्षमा कति पटक गर्नुभएको छ ?

२. तपाईको विद्यालयको भौतिक अवस्था कस्तो छ ?

३. तपाईको विद्यालयमा कक्षाकोठाहरु आवश्यक मात्रामा छन् वा छैनन् ?

४. कक्षाकोठाहरुका आकार र अवस्था उपयुक्त छ ?

५. तपाई कस्तो कक्षाकोठा व्यवस्थापनको चाहना राख्नु हुन्छ ?

६. तपाईको विचारमा राम्रो कक्षाकोठा व्यवस्थापन कस्तोलाई मान्नु हुन्छ ?

७. निरीक्षणको क्रममा तालिम प्राप्त प्राथमिक शिक्षकले अध्यापन गराउँदा कक्षाकोठा व्यवस्थापनको स्थिति कस्तो पाउनुभएको छ ?

८. तपाईले वि.व्य.स. बैठकमा कक्षाकोठा व्यवस्थापन सम्बन्धी छलफल गर्नुभएको छ ? छ भने कति पटक गर्नुभएको छ ?

९. तपाईले कक्षाकोठा व्यवस्थापन सम्बन्धमा प्र.अ., शिक्षक र विद्यार्थीहरुसँग छलफल एवम् जानकारी लिने गर्नुभएको छ ?

१०. कक्षाकोठा व्यवस्थापन सम्बन्धमा के-कस्ता समस्याहरु पाउनु भएको छ ?

११. तपाईको विचारमा कक्षाकोठा व्यवस्थापन सम्बन्धी ती समस्याहरु समाधान गर्नका लागि के-कस्ता उपायहरु अपनाउन सकिन्छ ?

१२. तपाईले आफ्नो स्तरबाट कक्षाकोठा व्यवस्थापनका समस्याहरु समाधानका लागि के-कस्ता प्रयासहरु गर्नुभएको छ ?

## माध्यमिक तहमा गुणस्तरीय शिक्षाको लागि शिक्षक व्यवस्थापन

### अनुसूची : ३
### प्र.अ.का लागि प्रश्नावली

प्र.अ.को नाम, थर :.......................... .....शिक्षण अनुभव वर्ष :.....................
शैक्षिक योग्यता :................................. .........प्र.अ. अनुभव वर्ष :......................
विद्यालयको नाम र ठेगाना :.....................................................................

१. तपाईको विद्यालयको भौतिक अवस्था कस्तो रहेको छ ?

२. तपाईको विद्यालयमा कक्षाकोठाहरु आवश्यक मात्रामा छन् वा छैनन् ?

३. तपाईले विद्यालयको कक्षाकोठाको शैक्षिक गतिविधीको अनुगमन तथा निरीक्षण नियमित रुपमा गर्नुभएको छ ? एक वर्षमा कतिपटक गर्नुभएको छ ?

४. कक्षाकोठाहरुका आकार र अवस्था उपयुक्त छन् वा छैनन् ?

५. तपाईको विद्यालयमा कार्यरत तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरु कति-कति जना छन् ?

६. शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत १० महिने प्राथमिक शिक्षक तालिम प्राप्त गरेका शिक्षकहरु कति जना छन् ?

७. निरीक्षणको क्रममा तालिम प्राप्त प्राथमिक शिक्षकको कक्षाकोठाको व्यवस्थापनको स्थिति कस्तो पाउनुभएको छ ?

८. तालिम प्राप्त शिक्षकले तालिमबाट प्राप्त ज्ञान र सीपलाई कक्षाकोठा ब्यवस्थापनमा लागु गर्न केही कठिनाईहरु देख्नुभएको छ ?

९. तपाईले वि.व्य.स. अध्यक्ष, शिक्षकहरु एवम् विद्यार्थीहरुसँग कक्षाकोठा ब्यवस्थापनको अवस्था, समस्या र चुनौतीहरु बारे छलफल गर्ने गर्नुभएको छ ?

१०. तपाईले अनुभव गर्नुभएको आधारमा आफ्नो विद्यालयमा कक्षाकोठा ब्यवस्थापनका के-कस्ता समस्याहरु देख्नुभएको छ ?

११. तपाईले कक्षाकोठा व्यवस्थापनका समस्याहरु समाधानकालागि के-कस्ता उपायहरु अवलम्वन गर्नुभएको छ ?

१२. तपाईको विचारमा कक्षाकोठा व्यवस्थापन अझ प्रभावकारी बनाउन के-कस्ता प्रयासहरु गर्नुपर्ला ?

## अनुसूची : ४
## शिक्षकका लागि प्रश्नावली

शिक्षकको नाम, थर :........................ ...................योग्यता : ....................
तालिम :..................................... ............शिक्षण अनुभव वर्ष :.............
विद्यालयको नाम र ठेगाना :.........................................................................

१. तपाईको विचारमा राम्रो कक्षाकोठा व्यवस्थापन कस्तोलाई मान्नु हुन्छ ?

२. कक्षाकोठाहरुका आकार र अवस्था उपयुक्त छन् वा छैनन् ?

३. तपाईको कक्षाकोठा व्यवस्थापनले शिक्षण सिकाइमा कस्तो प्रभाव पारेको छ ?

४. कक्षाकोठा व्यवस्थित गर्नका लागि कार्य उत्तरदायित्व तालिकाको निर्माण एवम् नियमित प्रयोग हुने व्यवस्था भएको छ ?

५. तपाईको कक्षाकोठाको बसाइ व्यवस्थापन कस्तो छ ? साथै बालमैत्री छ कि छैन ?

६. शैक्षिक सामग्रीको उपलब्धताको अवस्था कस्तो छ ?

७. कक्षाकोठामा उपलब्ध साधनहरुको नियमित प्रयोग भईरहेको छ ?

८. शैक्षिक सामग्रीहरुलाई सुरक्षित साथ लेवलिङ सहितको भण्डारणको व्यवस्था गर्नु भएको छ ?

९. तालिम प्राप्त शिक्षकको हैसियतले कक्षाकोठा व्यवस्थापनमा अन्य के-के कुराहरुमा जोड दिनुभएको छ ?

१०. तपाईले वि.व्य.स. अध्यक्ष, प्र.अ. एवम् विद्यार्थीहरुसँग कक्षाकोठा व्यवस्थापन सम्बन्धमा छलफल गर्ने गर्नुभएको छ ?

११. तपाईले तालिमबाट प्राप्त गरेको ज्ञान र सीप अनुरुप कक्षाकोठा व्यवस्थापन गर्दा के-कस्ता समस्याहरु भोग्नुपरेको छ ?

१२. तपाईको विचारमा कक्षाकोठा व्यवस्थापनका समस्याहरु समाधानका लागि के-के उपायहरु हुन सक्छन् ?

१३. तपाईले कक्षाकोठा व्यवस्थापन गर्नका लागि को-कोबाट के-कस्ता सहयोगहरु पाउनुभएको छ ?

वि.व्य.स. :...........................................................................................
प्र.अ. :.................................................................................................
शिक्षक साथीहरु :..................................................................................
विद्यार्थीहरु :........................................................................................